# प्रभाव दैनिक
National Daily



सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा कुनै किसिमको दु:ख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १० | अंक १५१ | काठमाडौं | बिहीबार, ४ असोज २०८० | Prabhab National Daily | Thursday, September 21, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सानेपामा शेखर र शशांकको मन माझामाझ



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसमा तीन कोइरालाको एकताबारे बेलाबेला चर्चा चल्छ । तर, डा. शेखर कोइराला, डा. शशांक कोइराला र सुजाता कोइरालालाई सँगै देखिन मुस्किलै पर्छ । तीनै कोइरालालाई एकै मञ्चमा उभ्याउने मौका बन्यो- बिपी साहित्य महोत्सव ।

कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको ११०औं जन्मजयन्तीको अवसरमा पार्टीको केन्द्रीय कार्यालय सानेपामा महोत्सव आयोजना गरिएको थियो । भदौ २२ गतेबाट सुरु भएको महोत्सव २६ गते सम्पन्न हुने कार्यतालिका थियो । तर, संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनका कारण स्थगित कार्यक्रम बुधबार आयोजना गरियो ।

महोत्सवको अन्तिम दिनको अन्तिम सेसन अरु सेसनमा भन्दा धेरैको आकर्षण देखिन्थ्यो । कारण १४औं महाधिवेशनमा तीनतिर फर्केका तीन कोइरालाले तीतामिठा अनुभवका पोका खोल्छन् कि । किनभने त्यहीबेलाको तीक्तता बोकेर १५औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिन शेखर-शशांक देशदौडाहामा जाने तयारीमा छन् । सुजाताले भने यो आँट देखाएकी छैनन् ।

साहित्यमा बिपीको योगदानबारे बहस गर्न कांग्रेसले आयोजना गरेको कार्यक्रममा 'परिवारले बुझेको बिपी' शीर्षकको सेसनमा तीनै नेतालाई कांग्रेसले नै एकै मञ्च मिलाइदियो ।

मैलेमात्र सँगै छौं भनेर भएन । एउटा परिवारको सदस्य मिलाउन नसक्नेले पार्टी कसरी मिलाउने (शेखरतिर लक्षित गर्दै) ? मेरो त प्रयास रहन्छ । तपाईं (नेता कार्याकर्तातिर)हरूले दुई जनालाई सोध्नुस् ।

■ डा. शशांक कोइराला

तपाईंहरु किन नमिलेको धेरै जनाले भन्नुहुन्छ । तपाईंहरु मिल्नुभएन, पार्टीको यो दुर्दशा भयो भन्ने फोन गरेर धेरैले भन्नुहुन्छ । यसपटक कोइराला परिवारको एक जनालाई चान्स दिऔं न त सभापति बनाएर । म सहयोग गर्छु ।

■ सुजाता कोइराला

१४औं महाधिवेशनमा त तपाईंहरूले सहयोग गर्नुभएन । बिगारेको तपाईंहरूले हो । समस्या तपाईंहरूले बेहोरिरहेकै छ । आज ९० सिट भएको कांग्रेसलाई सरकारमा खोज्नुपरेको छ ।

■ डा. शेखर कोइराला

तीन नेतालाई एकै ठाउँमा देखेपछि जिज्ञासा आउने नै भयो । कार्यक्रम सञ्चालक पत्रकार जगत नेपालले तीन कोइराला कहाँ छन् ? भनी प्रश्न गरे । जवाफमा शशांकले तीनै कोइराला एक हुनुपर्ने बताए । यद्यपि उनले आफू १४औं महाधिवेशनमा सभापति लड्ने चाहना भए पनि शेखरले उछिनेको प्रतिक्रिया दिए ।

(बाँकी पृष्ठ ५ मा)

# विद्यालय बन्द गरेर आन्दोलनमा

## ७० लाख विद्यार्थीको पढाइ प्रभावित

■ जेबी योञ्जन

**काठमाडौं–** काखमा दुधे बालक च्यापेर सिन्धुलीको घ्याङलेख गाउँपालिका-३ की राम्रीमाया गोले शिक्षा विधेयकविरुद्ध आन्दोलनमा होमिन काठमाडौं आइपुगेकी छन् । उनलाई सरकारले संसद्मा टेबुल गरेको 'शिक्षा ऐन संशोधन गर्न बनेको विधेयक, २०८०' ठीक लागेको छैन । जुनसुकै हालतमा संशोधन गरेर शिक्षकमैत्री विधेयक बनाउनुपर्ने उनको माग छ ।

'जुन विधेयक आएको छ । यो शिक्षकहरूमाथि अंकुश लगाउने गरिको छ,' उनले प्रभावसँग भनिन्, 'यस्तो विधेयक मान्दैनौं ।'

सरकारले संविधान जारी भएको आठ वर्षपछि विद्यालय शिक्षा ऐन संशोधन गर्न बनेको विधेयक संसद्मा टेबुल गरेको छ । सोही विधेयकका धेरै प्रावधान संविधानको भावना र आफूहरूको हितविपरीत भएको शिक्षकहरूको बुझाइ छ । सरकारको अन्तिम विकल्प भनेकै

- स्थानीय तहलाई शिक्षक नियुक्ति, सरूवादेखि बर्खास्तीसम्मको अधिकारको विरोध
- विद्यालय शिक्षा संशोधन गर्न बनेको विधेयक, २०८० संशोधन गर्नुपर्नेमा जोड
- निजामती कर्मचारीले शिक्षा र शिक्षकको कानुन बनाउन नसक्ने टिप्पणी

विधेयकको संशोधन भएको पनि उनीहरूले बताएका छन् । स्थानीय तहलाई शिक्षकको सरुवा, बढुवा र बर्खास्तीसम्मको अधिकार दिने प्रावधान विधेयकमा भएकोमा शिक्षकहरूको बढी आपत्ति छ ।

पाल्पाको दमकडा माविका शिक्षक जीवन आचार्य विधेयकमा उल्लिखित यस्ता प्रावधानले शिक्षकहरूको मनोबल कमजोर हुने बताउँछन् । 'आज जुन मोडालिटीमा स्थानीय तहलाई विद्यालय शिक्षा व्यवस्थापनको अधिकार दिन खोजिँदै छ, यो बिल्कुल ठीक छैन,' उनले भने, 'संविधानले माध्यामिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिने भनिए पनि बर्खास्तीसम्मको अधिकार दिनु मान्य हुँदैन ।'

शिक्षकहरूले शिक्षा र शिक्षकको कानुन निजामती कर्मचारीले बनाउन नसक्ने तर्क गरेका छन् । निजामती कर्मचारीहरूले शिक्षकका लागि कानुन बनाउँदा जहिल्यै शिक्षकहरू दमित हुनुपर्ने स्थिति आएको शिक्षकहरूको गुनासो छ । यसले गर्दा भक्तपुरकी शिक्षिका मञ्जु बस्नेत शिक्षकहरू अन्यायमा परेकाले विद्यालय नै बन्द गरेर आन्दोलनमा आएको बताउँछिन् ।

(बाँकी पृष्ठ २ मा)



संसद्मा दर्ता भएको विद्यालय शिक्षा विधेयकप्रति असन्तुष्टि जनाउँदै काठमाडौंको नयाँबानेश्वरमा नेपाल शिक्षक महासंघद्वारा आयोजित धर्नामा सहभागी सामुदायिक विद्यालयका शिक्षक कर्मचारी ।
*तस्बिर: हरिराम भेटुवाल/रासस*

### जायज माग सम्बोधन हुन्छ : कावा प्रधानमन्त्री

**काठमाडौं (प्रस)–** विद्यालय बन्द गरेर हजारौं शिक्षकहरू काठमाडौंमा ओर्लिएपछि कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले विद्यालय शिक्षासम्बन्धी विधेयकमा शिक्षकहरूको जायज माग सम्बोधन गर्न सकिने बताएका छन् ।

विधेयकमाथि प्रस्तुत भएका सुझाव र आवाजलाई ध्यान राखेर सम्बोधन गरिने उनले बताएका हुन् । उनका अनुसार यसअघि नै आफू नेतृत्वको कार्यदलले परिमार्जनसहित जायज माग सम्बोधन गरेर विधेयक दर्ता गराइसकिएको छ । अझै कुनै विषय छुटेको भएमा वार्ता र छलफलबाट सम्बोधन गर्न सकिने उनले बताए ।

उनले नेपाल शिक्षक महासंघलाई आन्दोलनका कार्यक्रम फिर्ता लिएर वार्तामा आउन आह्वान गर्दै संविधानविपरीत नहुने र विद्यमान अर्थतन्त्रले धान्न सक्ने विषयवस्तुहरू विधेयकमा मिलाउनका लागि सरकार तत्पर रहेको स्पष्ट पारे ।



विधेयक संसद्मा दर्ता गर्नुअघि सरोकारवालासँग समन्वय नगर्नु सरकारको कमजोरी हो । शिक्षकहरूले राखेको स्वत: स्थायी हुनुपर्ने मागचाहिँ नचाहिँदो हो ।

■ डा. विद्यानाथ कोइराला
शिक्षाविद



ढिलै भए पनि शिक्षा विधेयक आएको छ । योभन्दा अगाडि वडाध्यक्ष विद्यालय व्यवस्थापन समिति अध्यक्ष भन्ने थियो । अहिले अभिभावकबाटै अध्यक्ष हुने भन्ने आएको छ, यो स्वागतयोग्य हो ।

■ सुप्रभात भण्डारी
अध्यक्ष, अभिभावक महासंघ



चार लाख शिक्षक र कर्मचारीको हितविपरीत विधेयक आएको छ । यसविरूद्ध आन्दोलित हुँदा विद्यालय बन्द भएका छन् तर विद्यार्थीको सिकाइमा भोलिका दिनमा असर नपर्ने गरी पढाउँछौं ।

■ कमला तुलाधर
अध्यक्ष, शिक्षक महासंघ

**सन्दर्भ : वैदेशिक रोजगार**

एनआरएनए अध्यक्षका प्रत्यासी शर्माको योजना

## विदेशमा रहेका नेपालीलाई स्वदेशमै उद्यमी बनाइने



■ प्रभाव संवाददाता

**अमेरिका–** गैरआवासीय नेपाली संघ (एनआरएनए) को आगामी कार्यकालका लागि अध्यक्ष पदका प्रत्यासी राजेन्द्रकुमार शर्माले विदेशमा रहेका नेपालीहरूलाई स्वदेशमै उद्यमी बनाउने योजना सार्वजनिक गरेका छन् ।

एनआरएनए अमेरिकाको बाल्टिमोर च्याप्टरले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै शर्माले विदेशमा श्रम गरिरहेका लाखौं नेपालीलाई सके उद्यमी बनाउने नसके उनीहरूको आर्थिक अवस्था सुधार गर्न सामूहिक रूपमा नेपाल सरकारलाई ग्यारेण्टी हुनेगरी लगानी गरेर उनीहरूको आर्थिक अवस्था र भविष्यको सुनिश्चितता गर्ने बताए ।

अहिलेसम्म विदेशमा मिहेनत गरेर केही व्यक्ति उद्यमी बन्न सक्नु पनि ठूलो उपलब्धि भएको उनको भनाइ छ । 'विदेशमा रहेका लाखौं नेपाली दाजुभाइ दिदीबहिनीलाई सके उद्यमी बनाउने नसके उनीहरूको आर्थिक अवस्थालाई उनीहरूले नै दु:ख गरेर कमाएको रकमबाट समुन्नत गराउन सामूहिक लगानी र प्राधिकरणमार्फत सरकारलाई ग्यारेण्टी राखेर सरकारलाई पनि फाइदा पुग्ने र उनीहरूको भविष्य सुरक्षित रहने गरी योजना बनाउन ढिला भइसकेको छ, अबको पहिलो आवश्यकता नै यही हो,' शर्माले भने ।

वर्तमान कार्यसमितिमा उपाध्यक्ष रहेका शर्माले आगामी अक्टोबरमा हुन लागेको गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए आइसिसी)को ११औं महाधिवेशन तथा विश्व सम्मेलनबाट आगामी कार्यकालका लागि अध्यक्ष पदमा उमेदवारी दिएका हुन् । जापान, कोरिया, हङकङ, क्यानडापछि अमेरिकाको स्थलगत भेटघाट कार्यक्रममा पुगेका शर्माले भ्रमणबाट आफू उत्साहित भएको बताए ।

उनले आफ्नो नेतृत्वलाई विश्वले स्वीकारेको दाबीसमेत गरे । एनआरएनएलाई आमूल परिवर्तन गराउने उद्देश्यका साथ आफू यस अभियानमा लागेको उनले बताए ।

## जापान र ताञ्जानिया पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि जापान पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा दुई जनालाई पक्राउ गरिएको छ । नेपाल प्रहरीले मंगलबार बिहान उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा खोटाङ साकेला गाउँपालिका-१ घर भई काठमाडौं महानगरपालिका-२९ घट्टेकुलो बस्ने ४५ वर्षीय राजकुमार गुरूङ र सुनसरीको इटहरी उपमहानगरपालिका-१९ घर भई काठमाडौं महानगरपालिका-२९ घट्टेकुलो बस्ने २८ वर्षीय उदय गुरूङ रहेका छन् ।

उनीहरूले एक जनालाई वैदेशिक रोजगारीका लागि जापान पठाई कुकमा मासिक एक लाख रूपैयाँभन्दा बढी तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारेका थिए । उनीहरूले पीडितबाट पटक-पटक गरी दुई लाख ७० हजार रूपैयाँ लिई सम्पर्कविहीन भई ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले घट्टेकुलोबाट पक्राउ गरेको प्रहरीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको जानकारी दिइएको छ ।

यसैगरी ताञ्जानिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा अर्का एक जना पक्राउ परेका छन् । दैलेखको नारायण नगरपालिका-७ घर भई काठमाडौं महानगरपालिका-१५ स्वयम्भू बस्ने ४२ वर्षीय गणेशबहादुर सिंहलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

सिंहले एक जनालाई वैदेशिक रोजगारीका लागि ताञ्जानियामा आकर्षक तलब हुने प्रलोभनमा पारी पीडितबाट रकम लिई सम्पर्कविहीन भई ठगी गरेको आरोप छ । उनलाई पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले सितापाइला चोकबाट पक्राउ गरेको थियो । उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचलमा पठाइएको प्रहरीले जानकारी दिएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔँ ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# तस्बिरमा संविधान दिवस-२०८०



















१) संविधान दिवस (राष्ट्रिय दिवस) २०८० को अवसरमा काठमाडौंको टुँडिखेलमा बुधबार आयोजित कार्यक्रममा नेपाली सेनाको तर्फबाट शान्तिका प्रतीक परेवा उडाउँदै । (२) टुँडिखेलमा बुधबार आयोजित कार्यक्रममा नेपाली सेनाको हेलिकप्टरबाट संविधान दिवस लेखिएको झण्डा फहराउँदै । (३) संविधान दिवस-२०८० को उपलक्ष्यमा नक्सालस्थित नारायणचौरमा चौरमा सजाइएको नेपालको झण्डा । (४) संविधान दिवसको अवसरमा घोराही-१४ स्थित सभाहलमा बुधबार गुरुकुल एकेडेमी घोराहीका विद्यार्थीले सञ्चालन गरेको गुरुकुल नमूना संसद् कार्यक्रम । (५) गण्डकी प्रदेश सरकारले संविधान दिवसको अवसरमा बुधबार बिहान पोखरामा निकालेको प्रभातफेरी कार्यक्रममा झाँकीसहित सहभागीहरु । (६) कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा बुधबार संविधान दिवसको अवसरमा निकालिएको पदयात्राका सहभागी ।

*तस्बिरहरूः रासस*

# तामाङ सेवा केन्द्रको अध्यक्षमा तेकेबहादुर



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** तामाङ सेवा केन्द्र-नेपालको अध्यक्षमा तेकेबहादुर तामाङ निर्वाचित भएका छन् । बुधबार सुबिगाउँ, बौद्धस्थित संस्थाको कार्यालयमा सम्पन्न २२औं साधारणसभाले सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । निवर्तमान कार्यसमितिमा उनी महासचिवको जिम्मेवारीमा थिए ।

नयाँ कार्यसमितिको प्रथम उपाध्यक्षमा फूर्वा डुम्जन तामाङ, द्वितीय उपाध्यक्षमा हरिबहादुर तामाङ, महासचिवमा मीठु तामाङ, सचिवमा दावा तामाङ र कोषाध्यक्षमा डोल्मा तामाङ निर्वाचित भए । यसैगरी सदस्यहरूमा पासाङकाजी तामाङ, धनबहादुर तामाङ, नारायणकुमार लामा, दोर्जी तामाङ, मिलनदेवी तामाङ, रामबहादुर तामाङ, धनकुमार तामाङ, सुने तामाङ र हिमाल तामाङ चयन भएका छन् ।

संस्थाको संरक्षक संरक्षक समिति संयोजकमा पाल्देन तामाङ तथा सदस्यमा कर्णबहादुर तामाङ, फूर्वा पाख्रिन तामाङ, निमा तामाङ, रत्नकुमार तामाङ, आङपासाङ तामाङ र ङिमादावा तामाङ चयन भएका छन् ।

नवनिर्वाचित कार्यसमितिलाई निवर्तमान अध्यक्ष अम्बर बम्जन तामाङले खादा ओढाएर बधाइ ज्ञापन गर्दै कार्यभार हस्तान्तरण गरेका थिए । नवनिर्वाचित अध्यक्ष तामाङले संस्थाको उद्देश्य प्राप्तिका लागि सबै सदस्यहरूलाई साथमा लिएर काम गर्ने प्रतिबद्धता जनाए ।

यसअघि साधारणसभाको बन्द सत्रमा निवर्तमान महासचिव तेकेबहादुर तामाङद्वारा प्रस्तुत संस्थाको आर्थिक वर्ष २०८९/८० को प्रगति प्रतिवेदन र कोषाध्यक्ष मीठु तामाङले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित गरिएको थियो ।

यसअघि साधारणसभाको उद्घाटन सत्रमा संस्थाका पूर्वअध्यक्ष कर्ण तामाङ, संरक्षक पाल्देन लामा, ङिमा तामाङलगायतले शुभकामना मन्तव्य राख्दै संस्था स्थापनादेखि गुम्बा निर्माणसम्ममा गर्नुपरेको संघर्ष सुनाएका थिए । नयाँ कार्यसमितिले संस्थालाई थप क्रियाशील बनाउने अपेक्षा उनीहरूले व्यक्त गरे ।

निवर्तमान अध्यक्ष बम्जनले आफ्नो १२ वर्षे नेतृत्वकालमा संस्थाको नियमित कार्यसँगै गुम्बा निर्माण सम्पन्न गरिएको जानकारी दिए । आर्थिक मन्दीको समयमा पनि संस्थाको लक्ष्यअनुसार गुम्बा सम्पन्न गर्नु महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ छ । परिवर्तित अवस्था र सदस्यहरूको आवश्यकताअनुसार संस्थालाई अगाडि बढाउन नयाँ कार्यसमिति सक्षम हुने विश्वाससमेत उनले व्यक्त गरे ।

सोलुखुम्बु, खोटाङ, ओखलढुंगा, रामेछाप, दोलखालगायत जिल्लाबाट काठमाडौंमा आएर बसेका तामाङहरू आबद्ध यस संस्थाको सुबिगाउँमा आफ्नै भवन र गुम्बा रहेको छ । संस्थाले विभिन्न धार्मिक तथा सामाजिक कार्यहरू सञ्चालन गर्दै आएको निवर्तमान अध्यक्ष बम्जनले जानकारी दिए ।

## विद्यालय...

पृष्ठ १ बाट जारी

'१९ प्रकारका शिक्षक छन् । राज्यको कमजोरीले यस्तो भएको हो । पेन्सन, ग्रेड वृद्धिलगायतका सेवासुविधाबाट वञ्चित गरेको छ,' उनले भनिन्, '३० वर्ष सेवा गरेका शिक्षकको माथिल्लो तहमा बढुवा हुँदैन । कस्तो दुःखको कुरा छ ?'

स्थानीय सरकारलाई अधिकार दिँदा शिक्षा क्षेत्रमा असर पर्ने तर्क उनको छ । उनी थप्छिन्, 'अधिकार स्थानीयलाई दिइयो । स्थानीयले राम्रोलाई होइन, हाम्रोलाई खुवाएको छ । विद्यार्थीको भविष्य बर्बाद गर्न आएको होइन । तिनै विद्यार्थी भोलि शिक्षक हुन्छन् । उनीहरूको अधिकार सुनिश्चित गर्न आएका हौं ।' शिक्षकहरूको आन्दोलनले ७० लाख बालबालिका भने पढाइबाट वञ्चित भएका छन् । विद्यालय नै बन्द गरेर शिक्षकहरू अनिश्चित्कालीन आन्दोलनमा उत्रिएका छन् । शिक्षक महासंघको नेतृत्वमा आन्दोलन सुरु भएको हो । 'देशभरबाट शिक्षक आएका छन् । विद्यालय बन्द हुन्छ तर विद्यार्थीको सिकाइमा भोलिका दिनमा असर नपर्ने गरी पढाउँछौं,' महासंघकी अध्यक्ष कमला तुलाधर भन्छिन् । चार लाख शिक्षक र कर्मचारीको हितविपरीत विधेयक आएको महासंघको दाबी छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले महासंघलाई वार्तामा बोलाइसकेको छ । तर, विधेयक संसद्मा दर्ता भएकाले शिक्षा मन्त्रालयसँग वार्ता गर्नुको औचित्य नरहेको महासंघको ठहर छ । प्रधानमन्त्री पुष्पकमल दाहाल, प्रमुख दलका सचेतक र संसदीय समितिका सभापतिसँग मात्रै वार्ता गर्ने अडान महासंघले लिएको छ ।

### शिक्षाविद् पनि असन्तुष्ट

विद्यालय शिक्षा विधेयकविरुद्ध शिक्षाविद्हरूले पनि असन्तुष्टि जनाएका छन् । विधेयक संसद्मा दर्ता गर्नुअघि सरोकारवालासँग समन्वय नगर्नु सरकारको कमजोरी भएको उनीहरूको टिप्पणी छ ।

शिक्षाविद् डा. विद्यानाथ कोइरालाले अस्थायी प्रकृतिका शिक्षकहरूको स्थायित्व, विद्यालय कर्मचारीको दरबन्दी सिर्जना, विद्यालय संरचनाबाहिर रहेका बालकक्षा शिक्षक, अस्थायी अवधि गणना तथा निवृत्तिभरण, शिक्षक बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्यांकनलगायतका विषयलाई सरकारले सम्बोधन नगरेको बताए । उनले विधेयकमै शिक्षक पेसाकर्मी किटान गरिनुपर्ने माग गरेका छन् ।

तर, शिक्षकहरू राजनीतिक फाइदाका लागि आन्दोलनमा होमिने गरेको भन्दै उनले दुःखेसो पोखे । उनले शिक्षकहरूले स्वतः स्थायी हुनुपर्ने भनी राखेको मागलाई अनावश्यक ठानेका छन् । 'शिक्षक साथीहरूले केही अनौठा माग राखेका छन् । त्यो हो, स्वतः स्थायी । यो नचाहिँदो माग हो,' उनले भने ।

अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारी भने शिक्षा विधेयकप्रति खुसी देखिए । उनले भने, 'ढिलै भए पनि शिक्षा विधेयक आएकोमा स्वागत गर्छु ।' विधेयक ल्याउने प्रक्रियामाथि भने उनले प्रश्न गरेका छन् । विधेयक गलत प्रक्रियाबाट ल्याइएको उनको निष्कर्ष छ । 'योभन्दा अगाडि वडाध्यक्ष विद्यालय व्यवस्थापन समिति अध्यक्ष भन्ने थियो । अहिले अभिभावकबाटै विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुने भन्ने आयो । यो स्वागतयोग्य हो,' उनले भने, 'प्रक्रिया नपुऱ्याएर आयो भनेर गाली नगरौं । आलोचनात्मक समर्थन गर्छौं ।'

**रेजिष्ट्रेशन कार्ड हराएको सूचना**

मितिः २०८०/०३/२० गते घन्टाघरदेखि दरबारमार्गसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को रेजिष्ट्रेशन कार्ड हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : महमद अवुलैश**
**रजिस्ट्रेसन.नं.: ६८३३०९०९५**
**सिम्बोल.नं.: ३३३०१२१**
**ठेगाना.: पिपरपाती जब्दी ६, बारा**
**सम्पर्कः ९८६४५१७७४५**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०४/०३ गते **बालाजु वाईसधारा यातायात प्रा.लि.** को नाममा रहेको Royal Enfield 350 CC कालो रंगको मोटरसाइकल सोल्टीमोडबाट हराएको हुनाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**बाइक नं.: बा ६२-प ३६५०**
**च्यासिस नं.: ME3U3S55C1EC041183**
**इन्जिन नं. : U355COEC-431836**
**ठेगानाः काठमाडौं**
**सम्पर्कः ९८६०६६७६२०**

**Road Division**

**Mahendranagar, Kanchanpur**

**NOTICE OF INTENTION TO AWARD CONTRACT**

Date of Publication: - 2080/06/04

Road Division, Mahendranagar hereby notifies and intends to award the following listed contractand publish this notice to all concerned bidders regarding our Bid *Notice No 001-RDMNR/080/81 and* Bid *Notice No 002-RDMNR/080/81* in accordance with ITB Clause 37 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

| S.N | Contract No. | Name and Address of Bidder | Total Bid Amount Excluding PS and VAT (NRs) |
|---|---|---|---|
| 1 | RDMNR/337310113/080/81-04 | UNS-UCHCHAKOTI-POINT JV | 2,38,59,004.50/- |
| 2 | RDMNR/337011694/080/81-05 | Bibek Builders, Kanchanpur | 91,53,764.50 /- |
| 3 | RDMNR/337011694/080/81-06 | Padam Construction, Kanchanpur | 47,40,327.00 /- |
| 4 | RDMNR/337011694/080/81-07 | Mamtas Construction Service, Kanchanpur | 92,97,961.00 |
| 5 | RDMNR/337011694/080/81-08 | AmmikshyaConstruction, Kailali | 57,55,066.50 |
| 6 | RDMNR/337011694/080/81-09 | New BalajiConstruction, Kailali | 57,15,459.59 |
| 7 | RDMNR/337011694/080/81-10 | LumbiniBuilders, Kanchanpur | 44,25,925.00 |
| 8 | RDMNR/337011694/080/81-11 | GK Group NirmanSewa, Kanchanpur | 50,76,187.00 |

**Division Chief**

# सुरु भयो रत्नपार्क–सूर्यविनायक द्रुत बस सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सहकार्यमा बुधबारदेखि काठमाडौंको रत्नपार्कदेखि भक्तपुरको सूर्यविनायकसम्म द्रुत बस सेवा सञ्चालनमा आएको छ। भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले बुधबार रत्नपार्कको शान्तिवाटिकाबाट उक्त बस सेवाको शुभारम्भ गरे।

उक्त बसका लागि 'डेडिकेटेड' लेनको व्यवस्था गरिएको छ। बिहीबारदेखि कार्यालय समयमा बिहान ९ देखि ११ र अपराह्न ४ देखि ६ बजेसम्म द्रुत सेवाका बस सञ्चालनमा आउनेछन्। काठमाडौं उपत्यकाको यातायात क्षेत्रमा सुधार ल्याउने उद्देश्यले द्रुत बस सेवा सञ्चालनमा ल्याएको मन्त्री ज्वालाले जानकारी दिए। रत्नपार्कदेखि सूर्यविनायकसम्म १३.४ किलोमिटर दूरी रहेको छ।

निर्धारित समयका लागि ४० सिट क्षमताका २५ बस छुट्याइएको यातायात व्यवस्था विभागका महानिर्देशक उद्धव रिजालले जानकारी दिए। कार्यालय समयमा अहिले सार्वजनिक यातायातमा यात्रा गर्दा सूर्यविनायकदेखि रत्नपार्कसम्म करिब दुई घण्टा लाग्दै आएको छ।

द्रुत बस सेवा सञ्चालन भएपछि सो दूरीको यात्रा करिब ४५ मिनेटमा सीमित हुनेछ। रत्नपार्क, भद्रकाली, माइतीघर, बबरमहल, नयाँ बानेश्वर, शान्तिनगर, कोटेश्वर जडीबुटी, कौशलटार, ग√घर, चारदोबाटो, सूर्यविनायकलगायत १९ स्थानमा बस स्टप रहनेछ। त्यहाँबाट उक्त बस चढ्न र ओर्लन सकिनेछ।



'सहरी क्षेत्रको यातायात व्यवस्थापन चुनौतीपूर्ण रहेको छ, उपत्यकाको यातायात क्षेत्र सुधारको जमर्को सुरु गरिएको छ,' रिजालले भने। सरकारले गत फागुन ३० गते सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन काठमाडौं उपत्यकामा द्रुत बस सेवा सञ्चालन गर्ने निर्णय गरेको थियो। कार्यालय समयमा ती बस प्रत्येक एक-एक किलोमिटरको फरकमा गुड्नेछन्।

'सार्वजनिक सवारी चढेर निश्चित समयमा गन्तव्यमा पुग्न सकिन्छ भन्ने विश्वास दिलाउन सरकारले द्रुत बस सेवा सञ्चालनमा ल्याएको हो, यो सुरुआत मात्रै हो,' महानिर्देशक रिजालले भने, 'ती बसका लागि छुट्टै लेनको व्यवस्था गरिएको छ, लेनमा रातो रङ लगाइएको छ, कार्यालय समयमा उक्त लेनमा अन्य सवारी चल्न पाउने छैनन्।' द्रुत सेवाका बस माइतीघर, बानेश्वर, तीनकुने, कोटेश्वर, जडीबुटीलगायत चोकमा जाममा पनि रोकिने छैनन्।

बस सेवाको शुभारम्भ गर्दै मन्त्री ज्वालाले सहरी क्षेत्रको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन र जनतालाई सार्वजनिक यातायातप्रति विश्वास र भरोसा दिलाउन पहिलो चरणमा कार्यालय समयमा सूर्यविनायकदेखि रत्नपार्कसम्म द्रुत बस सेवा सञ्चालन गरिएको बताए। 'सरकारको अभियान यतिमै मात्र सीमित हुँदैन, यसलाई सुधार र विस्तार गर्दै लैजानेछौं,' उनले भने, 'विमानस्थल, चक्रपथ, बालाजु, महाराजगञ्ज, थानकोट, ललितपुरलगायत क्षेत्रमा द्रुत बस सेवा विस्तार गरिनेछ।'

बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले सार्वजनिक यातायातप्रति नागरिकको विश्वास र भरोसा बढाउनुपर्ने बताए। भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्माले उपत्यकाको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउने जमर्को स्वरूप द्रुत बस सेवा सञ्चालनमा ल्याइएको बताए।

निमित्त प्रहरी महानिरीक्षक दीपक थापाले सार्वजनिक सवारीलाई व्यवस्थित बनाउन सर्वसाधारणलाई सचेत बनाउनुपर्नेमा जोड दिँदै 'डेडिकेटेड लेन'मा चल्न सवारीसाधनको सुरक्षाका लागि प्रहरी प्रतिबद्ध रहेको बताए। उक्त लेनमा चल्ने सवारी साधनलाई पनि अन्य सार्वजनिक यातायातसरहका कानुन आकर्षित हुने जनाउँदै उनले ट्राफिक नियमलाई पालना गरेर यातायातका साधन सञ्चालन गर्न आग्रह गरे।

# 'शासकीय कमजोरीलाई राजनीतिक निष्ठाले जित्नैपर्छ'



**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले शासकीय कमजोरीलाई अब राजनीतिक निष्ठा र लोकतन्त्रको पवित्रताले जित्नैपर्ने बताएका छन्। संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८० को उपलक्ष्यमा राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित समारोहमा उनले लोकतन्त्रको पवित्रतालाई स्थापित गर्दै यसलाई अझ परिणाममुखी बनाउन आवश्यक रहेको धारणा व्यक्त गरे।

उनले भने, 'कतै हाम्रो कमजोरीलाई व्यवस्थाका कमजोरी भनेर लोकतन्त्रको आदर्शलाई अपव्याख्या गर्ने काम त भइरहेको छैन ? मलाई लाग्छ यसो हुनुमा निश्चय नै अनेक कारण छन्। तर हाम्रा कमजोरी पनि त्यसका कारण हुन्। अतःत्यसलाई हाम्रो राजनीतिक निष्ठाले जित्नुपर्छ।'

राष्ट्रपति पौडेलले गणतन्त्र भनेको शासनमा व्यक्तिको परिवर्तन मात्र होइन, यो त जनताको राजकीय शक्तिको प्रवाहमा सामेल हुन पाउने अधिकार हो, यो त संस्कार, संस्कृति, आनीबानी र व्यवहारमात्रै होइन आचरणमा परिवर्तन पनि भएको उल्लेख गरे।

उनले भने, 'राजनीतिकरूपमा जनताको सर्वोत्तम उपलब्धि 'गणतन्त्र' हामीले प्राप्त गरेका छौं, तर गणतन्त्रको वास्तविक अर्थ बुझ्न र त्यसलाई अनुभूत गर्न बाँकी नै छ जस्तो मलाई लाग्छ।' राष्ट्रपति पौडेलले हामी सबैले मिलेर लोकतान्त्रिक आन्दोलनको महत्त्वपूर्ण चरण पार गरेको र वर्तमान संविधानले निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाका सबै प्रकारका विभेद र असमानतालाई अन्त्य गरेको मात्र नभई वास्तविक अर्थमा नेपाली जनतालाई राजकीय शक्तिको मालिक बनाएको बताए।

उनले भने, 'हाम्रो संविधानले निर्दिष्ट गरेको संघीय लोकतान्त्रिक गणतन्त्रले नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक स्वतन्त्रतासहित निमुखालाई न्याय र विपन्नलाई आयको परिलक्ष्य राखेको हो, अधिकारका विभिन्न प्रकार उल्लेख गरे पनि नीति सबै अधिकारले निमुखा जनतालाई निर्वाध स्वतन्त्रता उपभोग गर्ने र उनीहरूको जीवनस्तर उकास्ने अवसर प्रदान गर्ने विषय नै संघीय लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अर्न्तय हो।'

राष्ट्रपति पौडेलले तर यहाँ व्यवस्था त परिवर्तन भयो हाम्रो देश समाज र जनसामान्यको अवस्थामा भने अझै परिवर्तन हुन नसकेको उल्लेख गरे। उनले भने, 'प्रशासनिकरूपमा राज्यको पुनःसंरचना गर्‍यौं, तल्लोभन्दा तल्लो तहमा रहेका जनताको पहुँचमा राज्यसत्ता पुगेको छ, तर राज्यको चरित्रको भने पुनःसंरचना हुन अझै बाँकी छ।'


## मादमे खोला हाइड्रोपावर लिमिटेड
मध्य बानेश्वर, काठमाडौं

## दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति: २०८०/०६/०३

यस कम्पनीको संचालक समितिको मिति २०८० असोज ३ गतेको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**दोश्रो वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति :- २०८० असोज २५ गते बिहीवार (तदनुसार १३ अक्टोबर, २०२३)

समय :- बिहान ९:०० बजे

स्थान :- हार्दिक होटल, बागबजार , काठमाडौं।

**दोश्रो वार्षिक साधारण सभाका प्रस्तावहरु:**

**१. सामान्य प्रस्तावहरु**

क) कम्पनीको तर्फबाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्ने।

ख) कम्पनीको आ.व. २०७९/८० को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी निर्णय गर्ने।

ग) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धी।

घ) कम्पनीको शेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्वन्धी।

**२. विशेष प्रस्तावहरुः**

क) कम्पनीको अधिकृत पूँजी, जारी पूँजी, र चुक्ता पूँजी बृद्धी गर्न प्रवन्धपत्रको दफा ६ संशोधन गर्ने सम्बन्धी

ख) कम्पनीको रजिष्टर्ड कार्यालय परिवर्तन गर्ने सम्वन्धी।

ग) कम्पनीको छाप परिवर्तन गर्ने सम्वन्धी।

**३. विविध।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पतिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०६/०४)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०६/१८

**बोलपत्र खोलिने मिति**
२०८०/०६/१९ दिउँसो १ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | अधिविकर्ष कर्जा | **१) ऋणी : मनकामना ग्रील उद्योग**<br>प्रा.फ.द.नं. : १९६२/९७१/०७७/०७८<br>ठेगाना : हेटौंडा ०४, मकवानपुर<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. रविन्द्र प्रसाद कानु**<br>(ना.प्र.नं. ३३१११६३/१४९५/२८३३, मिति २०६०/०८/०९ मा जि.प्र.का. बाराबाट जारी भएको)<br>बाबु : शिव पुजन साह कानु<br>बाजे : बेलासिस साह<br>**२. अन्तिमा देवी कानु**<br>(ना.प्र.नं. ३३१०७४/१६२२, मिति २०६८/०२/११ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>पति : रविन्द्र प्रसाद कानु<br>ससुरा : शिव पुजन साह कानु | अन्तिमा देवी कानुको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुर मा दर्ता कायम रहेको मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कि.नं. ४७३५ (१४३.९१ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| २. | विविध कर्जा | **२) ऋणी : अनिता टेड्र्स**<br>प्रा.फ.नं. : ८३६३/०७६/०७७<br>ठेगाना : रामनगर ०१, सर्लाही<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. प्रज्ञा मिश्र**<br>(ना.प्र.नं. १९-०१-७६-०६७८२, मिति २०७६/०५/१५ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : प्रमोद कुमार उपाध्याय<br>पति : संदिप कुमार मिश्र<br>ससुरा : राम बाबु मिश्र<br>**२. संदिप कुमार मिश्र**<br>(ना.प्र.नं. १९१००८/६९, मिति २०६५/०९/१४ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : राम बाबु मिश्र<br>बाजे : सत्य नारायण मिश्र<br>**३. राम बाबु मिश्र**<br>(ना.प्र.नं. ७७३३१९०२, मिति २०४५/०१/२२ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : सत्य नारायण मिश्र(बाहुन)<br>बाजे : रघुविर मिश्र<br>**४. दिपक कुमार मिश्र**<br>(ना.प्र.नं. १९१००८/१५६, मिति २०६९/०३/२४ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : राम बाबु मिश्र<br>बाजे : सत्य नारायण मिश्र | १. दिपक कुमार मिश्रको नाममा सर्लाही जिल्ला मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, रामनगर वहुअर्वा गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. ६८४ (०-१-१०-० विगाहा), कि.नं. ७६६ (०-०-१८-८ विगाहा) र कि.नं. ६९५ (०-०-१८-० विगाहा) क्षेत्रफल भएका घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>२. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधन :<br>कम्पनीको नाम :<br>**Nissan Motors India P Ltd**<br>सवारीको मोडेल : **MAGNITE**<br>निर्माण वर्ष : २०२१<br>ईन्जिन नं. : **E043458**<br>च्यासिस नं. : **MDHEBADD0M1003459**<br>सवारी दर्ता नं. : प्रदेश ३-०१ ०२४ च ८५२५ |
| ३. | विविध कर्जा | **३) ऋणीहरू : (क) राहुल एण्ड राकेश फर्निचर उद्योग**<br>प्रा.फ.नं. : १२५६/२०३७/३५<br>ठेगाना : हेटौंडा ०४, मकवानपुर<br>**(ख) सुरेश ठाकुर लोहार र निलम ठाकुर लोहार**<br>ठेगाना : हेटौंडा ०४, मकवानपुर<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. सुरेश ठाकुर लोहार**<br>(ना.प्र.नं. १९/१०४०, मिति २०५६/०५/२३ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : जग्रनाथ ठाकुर लोहार<br>बाजे : दिर्जोधन<br>**२. निलम ठाकुर लोहार**<br>(ना.प्र.नं. ३११०२३/८३, मिति २०६७/०६/११ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : सूर्य ठाकुर<br>पति : सुरेश ठाकुर लोहार<br>ससुरा : जग्रनाथ ठाकुर लोहार<br>**३. पुजा ठाकुर लोहार**<br>(ना.प्र.नं. ३१-०१-७५-०७५६३, मिति २०७५/०८/०४ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : सुरेश ठाकुर लोहार<br>बाजे : जग्रनाथ ठाकुर लोहार<br>**४. राकेश ठाकुर लोहार**<br>(ना.प्र.नं. ३१-०१-७३-०८२२२, मिति २०७३/०७/०८ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : सुरेश ठाकुर लोहार<br>बाजे : जग्रनाथ ठाकुर लोहार<br>**५. राहुल ठाकुर लोहार**<br>(ना.प्र.नं. ३१-०१-६१-००५९९, मिति २०७१/०१/१५ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : सुरेश ठाकुर लोहार<br>बाजे : जग्रनाथ ठाकुर लोहार | १. सुरेश ठाकुर लोहारको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०४ स्थित कि.नं. ९१७४ (०-०-३.५-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>२. निलम ठाकुर लोहारको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०४ स्थित कि.नं. ९४४४ (०-०-७-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| ४. | विविध कर्जा | **४) ऋणीहरू : (क) रिजन एण्ड रश्मि किराना पसल**<br>प्रा.फ.र.नं. : ४०७४/०७५/०७६<br>ठेगाना : वेनिघाट रोराङ ०७, धादिङ<br>**(ख) भिम बहादुर कडेल र लिला देवी कडेल**<br>ठेगाना : बेनिघाट रोराङ ०७, धादिङ<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. भिम बहादुर कडेल**<br>(ना.प्र.नं. ४३/२७, मिति २०५८/०३/०३ मा जि.प्र.का. धादिङबाट जारी भएको)<br>बाबु : गोपाल बहादुर कडेल<br>बाजे : भुवानी दत्त कडेल<br>**२. लिला देवी कडेल**<br>(ना.प्र.नं. १९९, मिति २०६८/०८/१८ मा जि.प्र.का. धादिङबाट जारी भएको)<br>बाबु : बज्र बहादुर बस्नेत<br>बाजे : सूर्य बहादुर बस्नेत<br>पति : भिम बहादुर कडेल | १. लिला देवी कडेलको नाममा धादिङ जिल्ला मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, वेनिघाट गा.वि.स./न.पा. वडा नं. ०३ (घ) स्थित कि.नं. ०८ (४-१-१-० रोपनी) तथा ऐ.ऐ. वडा नं. ०२ (ब) स्थित कि.नं. ८३९ (०-१-१-३ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>२. भिम बहादुर कडेलको नाममा धादिङ जिल्ला मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, वेनिघाट गा.वि.स./न.पा. वडा नं. ०२ (घ) स्थित कि.नं. १३५ (०-१३-०-२ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# विकृत आन्दोलनमा शिक्षक नै

नेपालको पठन संस्कार दिनानुदिन बिग्रँदो छ। शिक्षा क्षेत्रमा व्याप्त राजनीति मुख्य कारण हो । जसकारण विद्यालयमा विद्यार्थी टिक्न सकेको छैन। जति राम्रो बनाउन खोजिए पनि सामुदायिक विद्यालयको रिजल्ट सुध्रन सकेको छैन । रिजल्ट नसुध्रेपछि लाज ढाकछोप गर्न एसइईमा फेल नै नहुने प्रणाली ल्यायो सरकारले।

विद्यालयमा शिक्षकलाई राजनीति गर्ने अधिकार छैन । तर उनै शिक्षक राजनीति गर्न पाउनुपर्ने मागसहित काठमाडौं ओइरिएका छन्। ७० लाख विद्यार्थी अहिले शिक्षक आन्दोलनका कारण घरमै बस्न बाध्य भएका छन्। सरकारले हालै शिक्षा विधेयक सदनमा दर्ता गरेको छ । उक्त शिक्षा विधेयकमा जिल्ला शिक्षा कार्यालय ब्युँताउने विषय सुरुमा विवादमा आयो । उक्त विषय संघीयताविरोधी व्यवस्था भएको स्वतः विरोध हुने नै भयो । चौतर्फी विरोध भएको यस विषयमा सरकार सचेत बनिसकेको थियो । यो संशोधनको चरणमा प्रवेश गरिसकेको थियो ।

झट्ट हेर्दा यही विधेयकको विरोधमा शिक्षकहरू उत्रिएकोझैं देखिन्छ। तर नेपाल शिक्षक महासंघले राखेको १८ बुँदे मागमा यी विषयहरू समेटिएका छैनन्। कतिपय त एकाएक शिक्षकहरू किन आन्दोलनमा उत्रिए भन्ने विषयमै अन्योलमा छन्। यस्तो अवस्थामा काठमाडौंमा उत्रेका शिक्षकहरू लामो समयदेखि राहत, साविक उमावि, अस्थायी/करार, शिक्षण सिकाइ अनुदान, विशेष शिक्षा, प्राविधिक धारलगायतका शिक्षकहरू अस्थायीरूपमा कार्यरत रहेकाहरू भएको बताइन्छ । शिक्षा विधेयकमा शिक्षकलाई विद्यालयमा राजनीति गर्न दिन नहुने विषय उल्लेख छ । शिक्षक महासंघको आपत्ति यसै विषयमा रहे पनि खुलाएर वा पोस्टर ब्यानरमा केही लेखेका छैनन् । संविधान प्रदत्त ट्रेड युनियन अधिकारमाथि अंकुश लगाउन खोजेको उनीहरूको आरोप छ।

अझ रमाइलो कुरा त के छ भने आन्दोलनकारी शिक्षकहरू शिक्षामन्त्रीसँग वार्ता गर्न तयार छैनन् । शिक्षाको विषय शिक्षामन्त्रीकै मातहतमा पर्छ । आन्दोलनकारी कार्यवाहक प्रधानमन्त्रीसँग सीधै वार्ता बस्न चाहन्छन्। शिक्षकको यस्तो उद्दण्ड आन्दोलनमा कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मादेखि माओवादीका उपमहासचिव वर्षमान पुनसम्मले ऐक्यबद्धता जनाउनु लाजमर्दो विषय हुनुपर्ने हो। आफैं सत्तारुढ दलको नेता भएर शिक्षकको समस्या समाधान गर्नतिर ध्यान नदिने तर विद्यालय ठप्प पारेर आन्दोलनमा उत्रिएका शिक्षकलाई समर्थन गर्न जानु ठीक हो त ? नेता बनेर लोकरिझ्याइँ र आफ्नो भोट जोगाउन लागेका हुन सक्ला तर जनताले पक्कै भोलिका दिनमा 'डबल स्टयाण्डर' यस्ता नेताहरूलाई धुलो चटाउनैपर्छ ।

### भूलसुधार

मिति २०८० असोज ३ गते बुधबार प्रकाशित **प्रभाव दैनिक**को **अंक १५०** हुनुपर्नेमा प्राविधिक त्रुटिले अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ। सं.

### मनन्योग्य

## चाणक्य नीति

चाणक्य बुझ्दथे यही हुन्छ। उनी मनमनै खुसीको हाँसो हाँसे र भने- 'यो संसारमा सीधा औंलाले घ्यू निस्कँदैन। यसरी जुन पण्डितले विवाहको विरोध गरेका थिए, तिनै ब्राह्मणद्वारा मन्त्रोच्चारण गराई विधिपूर्वक चन्द्रगुप्त र युनानी राजकुमारीको विवाह सम्पन्न गराइयो।

चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए।

चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए।

समयको रथचक्र आफ्नो गतिले चलिरहेथ्यो। राक्षस पनि प्रतिशोध र अन्तर्ज्वालाले केही न केही उपद्रो गर्न सोच्दैरहे, तर चाणक्यका बुद्धि र कुटनीतिका अगाडि उनका कुनै पनि योजना सफल हुन पाएनन्। सायद यो नै अन्तिम कुचक्र थियो। जो चाणक्यले पहिले नै थाहा पाएका थिए।

चाणक्य र चन्द्रगुप्तमा केही गोप्य सल्लाह भयो। त्यसको केही समयपछि चन्द्रगुप्तले आफ्नो विजय र विवाहको उपलक्ष्यमा एउटा राष्ट्रिय समरोहको घोषणा गरे।

समरोहको दिन नजिक आउन लाग्यो तर नगरमा समारोह हुने केही लक्षण नदेख चन्द्रगुप्त रिसाए। उनले तुरुन्तै एक मन्त्री बोलाई यसको कारण सोधे । मन्त्रीले डराउँदै भने-'गुरुदेव चाणक्यबाट यो समारोहको आयोजना नगराउने आदेश भयो।' चाणक्यले भने-'यो समाराहको उचित अवसर थिएन, अतः यो रोकिएको हो।'

सभाले भरिएको दरबारमा रिसको आवेगमा आई चन्द्रगुप्तले भने-'राजाज्ञा उल्लंघन गर्ने तपाई को हो ?'

चन्द्रगुप्तका मुखबाट यस्तो वचन सुनी स्वाभिमानी ब्राह्मण चाणक्यले वनढडेलो जसतै रिसले फुकार्दै भने-'यो नभुल वत्स। राजा पनि तिमीलाई मैले नै बनाएको हुँ। तिमी राजाको धम्की मलाई दिन्छौं ? मलाई अपमानित गरेर तिमी चैनसँग बस्न सक्दैनौं।

# गणतान्त्रिक संविधान र 'सार्वभौमसत्ता सम्पन्न' जनता



▸▸ शंकर तिवारी

> तीव्र गतिमा बदलिएको जनसंख्याको आयामले नेपाल अर्को ठूलो उथलपुथलको संघारमा उभिएको आभास दिएको छ। एक दशकमा नै १२ प्रतिशतबाट बढेर ३३ प्रतिशत महिला घरमुली भएका छन्। देश छाड्नेहरूको हतार रोकिने छाँटकाँट छैन। कृषि गणनाले यस्ता धेरै आयाम उजागर गरेको छ। क्रान्तिले आफ्ना सन्तान आफैं खानु अगाडि उनीहरूले ती स्वप्नविहीन पुस्ताबाट राजनीतिक नेतृत्व खोसेर लिनुपर्दछ। त्यो नै गणतान्त्रिक संविधानको जगेर्नामा आवश्यक पहिलो खुड्किलो हुनेछ।

संविधान यस्तो लिपि जहाँ जनताले आफूहरूले इच्छाएको सामूहिक नियतिलाई अक्षरमा कोर्दछन् । उनीहरूले आफू को हुन्, के बन्न चाहन्छन् र त्यो बाटोमा हिँड्दा वा अन्तर्क्रिया गर्दा उनीहरूलाई दिशानिर्देश गर्ने सिद्धान्तहरू उल्लेख गर्दछन् । नेपालमा ३ असोज २०८० मा गणतान्त्रिक संविधान जारी भएको आठ वर्ष पूरा हुँदै छ । नेपालको संविधान विकास क्रम, संविधानको अन्तरवस्तु र संविधानको कार्यान्वयनको अनुभवमा केन्द्रित भएर यो आलेखमा गणतान्त्रिक संविधानबारे केही कुरा राख्ने कोसिस गर्नेछु।

दुनियाँमा सबैभन्दा धेरै संविधान बनाउने देशको सूचीमा नेपाल पर्दछ । यो अनौठो सत्यबाट यो लेख सुरू गर्नु सान्दर्भिक हुन्छ। अमेरिकाले १७८७ मा लेखेको संविधानले अहिलेसम्म चलेको छ । भारतमा १९५० मा जारी भएको संविधानले चलेको छ। बेलायत त झन् अलिखित संविधानले चलेको देश मानिन्छ । नेपालले अहिलेसम्म २००४ साल, २००७ साल, २०१५साल, २०१९ साल, २०४७ साल, २०६३ साल र २०७२ साल गरी सातवटा संविधानको अभ्यास गरेको छ।

कुनै पनि संविधान प्रस्तावनाबाट सुरु हुन्छ । नेपालको संविधान पनि त्यो कुराबाट अछुतो छैन । नेपाली संविधानको प्रस्तावना मौलिक छ। जस्तो अमेरिकाले आफ्नो संविधानमा 'हामी अमेरिकाका जनता' वा भारतले पनि 'हामी भारतका जनता' बाट प्रस्तावना सुरु गरेको देखिन्छ। तर नेपालको संविधान २०७२ मा 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' भन्ने चार शब्दबाट सुरु भएको छ। सार्वभौमसत्ता सम्पन्न भने शब्दले प्रस्तावनामा बलपूर्वक प्रवेश पाएको छ । नेपाली जनतालाई सार्वभौमसत्ता शब्दसँग हुन गएको भ्रम र भयका कारण यस्तो हुन गएको हो।

वि.सं. २०४७ को संविधानको प्रस्तावनामा राजा वीरेन्द्रले हामी अर्थात् राजसंस्थासँग रहेको राजकीय सत्ताको आधारलाई जनताको सार्वभौम अधिकारभन्दा माथि राखेको भएर पनि होला संविधान निर्माताहरूले प्रस्तावनाको प्रारम्भमै सार्वभौमसत्ताबारे जनतालाई आश्वस्त र प्रत्याभूत गराउन खोजेको। संविधान जारी गर्ने बेला राजकीय सत्ता भन्ने शब्द राजा वीरेन्द्रले मन्त्रिपरिषद्को सिफारिसभन्दा पनि आफ्नो कोटको खल्तीबाट निक्लेको कागजातबाट पढेका थिए भन्ने मत पनि नभएको होइन । नेपाली जनता असली अर्थमा सार्वभौमसत्ता सम्पन्न हुन कति समय लाग्ला यसै भन्न सकिन्न तर प्रस्तावनाले हामी नेपाली जनतालाई सार्वभौमसत्ताको अवस्थितिबारे विश्वस्त बनाउने कोसिस गरेको कुरालाई सकरात्मक रूपमा ग्रहण गर्नुपर्दछ।

वि.सं. २०७२ को संविधान विगत सात दशकदेखिको नेपाली जनताको नेपालको स्वत्वको खोजीको दस्तावेज हो। कामकाजी संविधानको खोजमा नेपालले आधुनिक समयमा जति समय व्यतीत गर्‍यो, त्यो हाम्रा छिमेकी पाकिस्तान, श्रीलंका, बर्मा वा बंगलादेशले समेत गरेका छैनन् । लोकतान्त्रिक वा तानाशाही, सैनिक वा संवैधानिक राजतन्त्र जुन ढाँचाको शासकीय स्वरूप भएता पनि ती देशहरूले संविधानको धाराहरू संशोधन वा निलम्बनबाट काम चलाएको देखिन्छ। हाम्रो जस्तो मौजुदा संविधानलाई पूर्णतया निष्क्रिय बनाउँदै वा खारेज गर्दै प्रत्येक पटक छलाङको आशामा नयाँ संविधान जारी गरेको देखिन्न। तीन चौथाइ शताब्दीमा सातवटा संविधानको अभ्यासले संविधानवादको मर्यादा कति राखेको छ या छैन, संविधानवादको अभ्यास कुन तहमा पुगेको छ आजको अहं सवाल त्यो हुनुपर्दछ। त्यो कसीबाट हेर्दा एउटा साझा प्रवृत्ति देखापर्दछ।

नेपालमा संविधान दिने वा जारी गर्ने गर्ने पक्षले कहिले पनि संविधानको अक्षरशः पालन गरेको छैन । संविधान जारी गर्ने पक्षले आफूलाई हमेशा कानुनभन्दा माथि राखेकाले विद्यमान द्वन्द्व घट्नेभन्दा थप द्वन्द्वका लागि ठाउँ मिलिरहेको देखिन्छ । चाहे त्यो राणा प्रधानमन्त्री पद्मशमशेर हुन् वा राजा त्रिभुवन या राजा महेन्द्र नै । बिपी कोइरालाले यो कुराको आत्मवृत्तान्तमा वर्णन गर्नुभएको छ । राजा महेन्द्रले बिपीको मूड बुझ्न चारवटा प्रश्न खामबन्दी गरेर पठाएका थिए, त्यसमध्येको चौथो प्रश्न थियो, 'प्रजातन्त्रका लागि केही पूर्वाधार चाहिन्छ, त्यसका सम्बन्धमा, ती पूर्वाधारहरू कस्ता हुन्, त्यसका सम्बन्धमा तपाईंको भनाइ के छ ?' बिपीको जवाफ उस्तो थियो, 'प्रजातन्त्रका लागि कुनै पूर्वाधार चाहिँदैन । तर प्रजातन्त्रलाई समाप्त गर्ने जसको शक्ति छ, त्यसमा भने प्रजातन्त्रप्रति आस्था हुनुपर्दछ । त्यो मात्र एउटा पूर्वाधार छ (पृ. २८०, आत्मवृत्तान्त)।'

हालै प्रकाशित जेल डायरी (१९६२-१९६८) मा बिपी कोइराला भन्नुहुन्छ, 'देशको सबैभन्दा शक्तिशाली कार्यकारी पनि त संविधानप्रति जवाफदेही हुनुपर्दछ (पृ. ३४५)।' राजालाई आफ्नो वाचा पूरा गर्न लगाउने कुनै लगाम नै छैन । नेपालको राजनीतिमा सबैभन्दा दुर्भाग्यपूर्ण भनेको राज्यको सबैभन्दा शक्तिशाली व्यक्ति भनिएका राजाले आफ्नै शब्दहरूको वजन र सम्मान नराख्नु हो' (पृ. ३७८) । बिपीका यी तीन उद्दरणबाट के बुझ्न सकिन्छ भने अहिले हामी राजाविहीन युगमा प्रवेश गर्दा पनि बिपीले संकेत गरेको प्रजातन्त्र वा संविधानमाथिको खतरा जस्ताको तस्तै छ। कारण सबैभन्दा शक्तिशाली केही शीर्ष दलका नेताहरू र संविधानले निर्दिष्ट गरेबमोजिम उच्च पदमा बस्नेहरू नै संविधानप्रति जवाफदेही नभएको र उनीहरूले आफ्नै शब्दको वजन र सम्मान नराख्नु नै हो।

अर्कातर्फ हाम्रो अभ्यास हेर्दा कार्यपालिकाले व्यवस्थापिका र न्यायपालिकालाई ज्यादा दबाएर राख्न खोजेको देखिन्छ । कार्यपालिका ज्यादा हाबी भएको देखिन्छ । न्याय क्षेत्र त निरन्तरको मनोवैज्ञानिक दबाबमा परेको छ कारण न्यायाधीश नियुक्तिदेखि महाभियोगसम्मका प्रकरणहरूले उनीहरूको मनोबल र उत्साह धर्मराएको देखिन्छ । त्यो सबैका बाबजुद न्यायपालिकाले संविधानको व्याख्या गर्दा देखिएको विधि शास्त्रीय पद्धतिको अनुशिलनले कार्यपालिकालाई आवश्यक सन्देश दिन सफल भएको देखिन्छ। कोशी प्रदेशमा सभामुखले अनधिकृत मतदान गरेको बारेमा सर्वोच्चले गरेको फैसला एउटा प्रमाणिक साक्षी बनेको छ । व्यवस्थापिकाको प्रभावकारिता सत्ता पक्ष र प्रतिपक्ष दुवैको कारणले सन्तोषजनक छैन । कार्यपालिका ज्यादा हाबी हुने समयमा व्यवस्थापिका र न्यायपालिकाको स्वतन्त्र रूप ओझेल पर्दछ। यो कुरा संविधानका लागि खतराको संकेत हो। अन्तरिम संविधान, २०६३ माथि नेताहरूको अरहन-खटनको छायाँ धेरै हाबी भएको थियो। अब नेताहरूले त्यो गर्न सक्ने अवस्था त छैन, तर उनीहरू त्यस्तो कार्य गर्ने मनोवृत्तिबाट बाहिर पनि आएका छैनन्।

सातवटा संविधानका अन्तरवस्तु हेर्दा ती कुनैले पनि शासकीय स्वरूप वा राजनीतिक स्थापनामाबाहेक आर्थिक उपार्जनका बारेमा जोड दिएर खास उपलब्धि हासिल गर्न सकेको छैन । हाम्रो राजनीतिक व्यवस्थालाई आर्थिक संरचनाले थेग्न सकिरहेको छैन । जनतामा देखिएको आम नैराश्यलाई संविधानको घेराभित्रबाट सम्बोधन गर्न आर्थिक रुग्नता र जर्जरताले गर्दा कठिनाइ भइरहेको छ। अधिकांश गणतान्त्रिक संविधानका निर्माताहरू जीवित नै हुनुहुन्छ । तर कहाँनिर च्याङ्कोठचाङ मिल्न सकेन चित्त बुझ्दो जवाफ पनि छैन।

अमेरिकी संविधान बनाउँदा नै संघले भन्दा ज्यादा अधिकार प्रदेशले राखेका थिए। नागरिकको मतदानको अधिकारदेखि दास प्रथा राख्न पाउने नपाउनेसम्म त्यो निर्णय गर्न राज्यहरूलाई छुट थियो । हाम्रोमा संघीयता ढिला आयो र केन्द्रीकृत मानसिकताले गर्दा प्रदेश र पालिकाहरूको अधिकार निक्षेपण पनि अपेक्षाकृत हुन सकिरहेको छैन । संविधान संघीय गणतान्त्रिक तर नेतृत्वको दिमागी चेतना भने एकात्मक पञ्चायती। जतिसक्दो छिटो यो मानसिकता बदल्न सकिन्छ, त्यति नै यो संविधानप्रति जनविश्वास र अपनत्व थप फैलिएर जान्छ।

वर्तमान संविधान कुनै पनि देशको संविधानको नक्कल हो भन्न मिल्ने खालको छैन। यो मौलिक नेपाली चरित्रको छ । कार्यान्वयनमा आएका पछिल्ला पाँचवटा संविधान चीनको जस्तो हुने वा भारतको जस्तो हुने भन्ने सवालमा घरेलु र भूराजनीतिको द्वन्द्वमा ती निर्माणदेखि लागू हुँदाका बखतसम्म अन्तरद्वन्द्वमा परिरहे। वर्तमान संविधान पनि त्यही खिचातानीमा अल्झिने खतरा बढेको छ। गणतान्त्रिक संविधानअन्तर्गतको पहिलो संसद्को कार्यकाल खास उपलब्धिमूलक रहेन। अहिले दोस्रो संसद्को पहिलो वर्ष सकिन लाग्दा पनि सोचेजस्तो उत्साह दिन सकिरहेको छैन। विधेयक निर्माण गर्ने तौरतरिका बदल्नुपर्ने देखिएको छ। खोटपूर्ण विधेयक लगेर बहुमतको आडमा सुसूचित छलफलविना जबरजस्ती पास गर्ने प्रवृत्ति कायमै छ।

गणतान्त्रिक संविधानले हाम्रो विगत र आगतलाई कसरी जोडयो वा जोड्न सकेन, त्यो कोसिस गरेको भए कति सफलता मिल्यो त त्यसको पनि सम्यक मूल्यांकन गर्दै जानुपर्दछ। यो संविधान लेखिँदा देश विभाजित मनोदशामा थियो। तराई मधेसले आफ्नो विमति मुखर रूपमा राखेको थियो । तर, पहिले देश रहनुपर्दछ अनिमात्र त्यसको एउटा अंग मधेसले न्याय पाउँछ भन्ने सोचले गर्दा मधेसको आवाज पहिलो र दोस्रो संशोधनमार्फत क्रमशः सम्बोधन हुँदै गई रहेको देखिन्छ।

यो संविधानमा आफ्नो विमति राखेर हस्ताक्षर नगर्ने नेता प्रदीप गिरी थिए। उनले समेत अघिल्लो सरकारबाट निरन्तर संविधान माथि प्रहार भएको महसुस गरे तब पहिलो गणतान्त्रिक संसद्बाट यो संविधानको रक्षाका लागि बोले। कारण यो संविधान यति धेरै प्रगतिशील छ, सदियौंदेखि दासताको जाँतोमा थिचिएर बहिस्करणमा परेका कर्णाली, मधेस, दलित, महिला, आदिवासी/जातजाति, अल्पसंख्यक सबै तह र तप्काले न्यायको अनुभूत गर्न पाएका छन्। यसमा टेकेर थप अधिकार पाइन्छ, सामयिक संशोधन गर्दै भन्नेमा विश्वस्त छन् । यो संविधानको विशिष्ट सामर्थ्य नै त्यही हो । यो २०४७ को संविधानजस्तो लचक नभएर चुँडिएको जड संविधान होइन। यो संविधान लचकदार छ।

बन्द कोठामा बसेर विगतको संविधानजस्तै यो संविधानलाई पनि कोमामा लग्न उद्धत कुनै तत्त्व छन् भने तिनीहरूले बुझ्दा हुन्छ, यो विगतका छ वटा संविधानजस्तो कमजोर छैन, यो २१औं शताब्दीमा नेपाली जनताले परिकल्पना गरेको सामाजिक सम्झौताको दस्तावेज हो। यसको जगेर्ना जुनसुकै संकटमा पनि यसका असली निर्माता जनताले गर्नेछन्, यो जनताका प्रतिनिधिले लेखेको संविधान हो । जनताले आवश्यक परे उनीहरूको प्रतिनिधित्व गरेर संयोगले संविधानका निर्माता बनेर राजकाजका क्रममा निर्माताको चेतनाबाट विमुख बनेका नेताहरूलाई संवैधानिक संरचनाभित्रबाट सबक सिकाउन तयार छन् तर आफ्नो अधिकार खोसिएको, सुशासन र सेवा प्रवाहमा ढिलासुस्ती गरेको सहन तयार छैनन्।

जाँदाजाँदै नेपाली राजनीतिमा झण्डै तीन दशकदेखि रजगज गरिरहेको वर्तमान पुस्ताले गणतान्त्रिक संविधानको आत्मा पक्रेर कार्य गर्न नसकेको सत्यलाई हृदयंगम गर्दै उनीहरूसँगै अघि बढेको नयाँ पुस्तालाई जतिसक्दो मार्गप्रशस्त गर्नु उचित हुन्छ । शीर्ष नेताहरूको अनुहारमा कान्ति छैन, कार्यप्रणालीमा नवीन सोच छैन।

तीव्र गतिमा बदलिएको जनसंख्याको आयामले नेपाल अर्को ठूलो उथलपुथलको संघारमा उभिएको आभास दिएको छ। एक दशकमा नै १२ प्रतिशतबाट बढेर ३३ प्रतिशत महिला घरमुली भएका छन्। देश छाड्नेहरूको हतार रोकिने छाँटकाँट छैन । कृषि गणनाले यस्ता धेरै आयाम उजागर गरेको छ । क्रान्तिले आफ्ना सन्तान आफैं खानु अगाडि उनीहरूले ती स्वप्नविहीन पुस्ताबाट राजनीतिक नेतृत्व खोसेर लिनुपर्दछ। त्यो नै गणतान्त्रिक संविधानको जगेर्नामा आवश्यक पहिलो खुड्किलो हुनेछ।

संविधानको अक्षरमा प्राण भर्ने काम नेतृत्वको हो, जनताको जिउ धन सुरक्षा गरिदिएर, गास, बास, कपास, शिक्षा र स्वास्थ्यको यथोचित प्रबन्ध गरेर, समुन्नतिको आभास दिलाएर, उनीहरूको स्वाभिमान र आत्मविश्वासलाई उँचो बनाएर । गणतान्त्रिक संविधानले प्रस्तावनामा उल्लेख गरेको 'सार्वभौमसत्ता सम्पन्न' जनताले नेताहरू र संस्थाहरूको प्रत्येक गतिविधिलाई हेरिरहेका छन् । त्यो जाग्रत सार्वभौम तत्त्वलाई सुसुप्त ठान्ने गल्ती कसैले नगरोस् । गणतान्त्रिक संविधानको जय होस् । *रासस*

### पत्र-मञ्जुषा

## जनतालाई नसुन्ने नेताबाट के आशा ?

जनताले जति भने पनि कान नै सुन्दैनन् ठूला भनिने राजनीतिक दलहरू । जनता मरे पनि के भयो र उनीहरूलाई ?

हुट्टिटचाउँको खुट्टादेखि चाल पाएजस्तै सानैदेखि लागेको बानी भस्मासुरलाई महादेवले वरदान दिएजस्तै भयो उनीहरूलाई । शासनसत्तामा पुग्न, एक पदबाट अर्को पदमा पुग्नलाई जिल्लाजिल्लाको ठूला भनिने कांग्रेस, एमाले, माओवादी सबै पार्टीहरूमा घम्साघम्सी हुन्छ । व्यक्तिमा इमान्दारिता हुनुपर्ने थियो त्यो भएन । गलत प्रवृत्ति भएपछि कसको के लाग्छ ? भोजभत्तेर गर्छन्, जाँडरक्सी खुवाउँछन्। एक भोट पाँच-छ हजार रूपैयाँमा किन्छन्।

डडेलधुरामा शेरबहादुर देउवाले पाँचपटक प्रधानमन्त्री बन्न पैसाकै शक्ति देखाए। न कुरा सुन्ने हो न कुरा बुझ्ने हो। जहिले बोल्दा पनि नुन नभएको तरकारीजस्तै भएको छ। चरित्र राम्रो भए सारा ठाउँमा राम्रो हुन्छ। शासक वर्गको हालत त्यस्तै देखिएको छ। ठूलो पार्टीहरू कांग्रेस, एमाले र माओवादीकासमेत जस्तो नेता उस्तै कार्यकर्ता। दूधको साक्षी बिरालो र काल पर्खनु बूढी मरुन् भन्नेजस्तै हिजोको दिनमा मासु र भातमा लट्ठ परेर इज्जतको ख्याल भएन। आज आएर मल एक बोराको तीन-चार हजार तिर्नुपर्‍यो। एक भोटको पाँच हजारमा बेचेको बल्ल आज आएर थाहा पाइयो। के गर्न कति सज्जन मान्छेले इमान्दारीपूर्वक मेरो उम्मेदवार मेरो छोराजस्तो चन्द्र सूर्यजस्तो पार्टी होस् भनेर मनको भाव उनीमाथि खनी खाइनखाइ भोक प्यास नभनी योग्य व्यक्ति बनोस् भनेर मैले भनेको थिएँ। तर सपनाजस्तै भयो। श्रमदान गरेको सारा काम तुसारापात भयो। हरिविजोक भइदियो। देशका लागि माया गरेको सर्पलाई मित बनाएजस्तो भयो। आज आएर मेरो देश भ्रष्ट भयो। कुन समयमा सर्पले डस्ने हो थाहा पायो। यहाँ इमान्दारी डाक्टर, इञ्जिनियर विद्वानहरू आलुबारीमा ख्याक जस्तै भइदियो। अझै पनि म मरे पनि देशद्रोहीहरू अपराधीलाई छाड्नु हुँदैन।

धरानमा गाई-गोरु काटेपछि देशैभरि आलोचना भएजस्तै एमसिसीमा पनि आवाज उठ्नुपर्ने हो। तर किन उठेन ? एमसिसी पास गर्नेलाई पशुपति मन्दिरमा प्रवेश निषेध गर्नुपर्ने हो। भोलिको सन्ततीलाई माया नगर्नेलाई देश निकाला गर्नुपर्छ।

जनताको पिरमर्का नै नबुझ्ने त्यो शासक वर्ग नै होइन। ढिलो चाँडो राम्रो नराम्रो पर्दाफास हुन्छ। अर्काको आङमा जुम्रा हिँडेको देख्ने आफ्नो आङमा भैंसी हिँडेको नदेख्ने !

*तुल्सीनारायण लाखेमरु, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# कर्मचारी अभावले इलाका प्रशासन कार्यालय बन्द

**सिमकोट (हुम्ला)–** नागरिकतामा हस्ताक्षर गर्ने कर्मचारी नभएपछि हुम्लाको मध्य भेगमा रहेको सर्केगाड इलाका प्रशासन कार्यालय बन्द भएको छ । लामो समयदेखि उक्त कार्यालय बन्द भएपछि नागरिकताका लागि आउने ताँजकोट, अदानचुली, चंखली र सर्केगाड गाउँपालिकाका सेवाग्राही मर्कामा परेका छन् ।

लामो बाटो काटेर इलाका प्रशासन कार्यालय पुगेका सेवाग्राही रित्तो हात घर फर्कन बाध्य भएका छन् । कार्यालय बन्द हुँदा नागरिकले नागरिकता बनाउनसमेत पाएका छैनन् । कार्यालयमा नागरिकता बनाउन जाँदा कोही नभएकाले आफूहरू समस्यामा परेको अदानचुली गाउँपालिका-२ तुम्च गाउँका भक्त कुलालले गुनासो गरे । भाइबुहारीको नागरिकता बनाउन नपाउँदा आफूहरूलाई समस्या भएको उनको भनाइ थियो ।

तुम्च गाउँबाट झण्डै नौ घण्टा हिँडेर सर्केगाड आइपुगेका सेवाग्राहीलाई कार्यालयमा कर्मचारी नहुँदासास्ती खेप्नु परेको कुलालले बताए । कर्मचारी नभएर नागरिकता वितरण बन्द भएको हो भने नगारिकलाई सार्वजनिक सूचना जारी गर्नुपर्ने हो तर त्यो पनि नहुँदा सेवाग्राहीलाई सास्ती भएको छ । उनले भने, ‘बच्चासहित नागरिकता बनाउन आएकी मेरी भाइबुहारीले नागरिकता बनाउन पाइनन् अब दुई दिनको पैदलै सिमकोट पुग्नुपर्ने भयो ।’

गाउँबाट गाउँपालिका केन्द्रमा रहेको इलाका प्रशासनमा पुग्दा कम्तीमा पनि दुई-तीन हजार खर्च हुने गर्दछ तर पनि कर्मचारी नहुनु सरोकारवाला निकायको लापरबाही भएको हो । जसका कारण नागरिकतासमेत नबन्दै घर फर्कनु परेको गुनासो स्थानीयवासीको थियो ।

सदरमुकाम सिमकोट पुग्न दुई-तीन दिन लाग्छ । पहिरोले भत्काएको बाटो सहज छैन । विकल्पमा इलाका प्रशासन भए पनि कुनै काम हुँदैन, स्थानीयवासी दन्तराज कटुवालको दुखेसो व्यक्त गरे । उक्त कार्यालयका लागि गाउँपालिकाबाट सिफारिस ल्याएका उनले सिमकोटबाट नागरिकता लिन पुनः अर्को सिफारिस चाहिने भएकाले कार्यालयप्रति आक्रोश व्यक्त गरे ।

नागरिकता बनाउन सर्केगाड पुगेर खाली हात घर फिर्ता भएका ताजाँकोट गाउँपालिका-३ मासपुर गाउँका केशबहादुर रोकायाले पनि गुनासो गर्दै इलाका प्रशासन कार्यालयबाट नागरिकता बन्छ भनेर सर्केगाड पुग्दा कार्यालय बन्द भएकाले खर्च मात्रै भएको तर नागरिकता नबनेको बताए ।

प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलका अनुसार कार्यालयका कामु प्रमुख भीमबहादुर रोकायाको काज अवधि गत साउन १६ गते सकिएपछि हुम्लाका सहायक प्रमुख जिल्ला अधिकारी अमृतप्रसाद सुवेदीलाई इलाका कार्यालय खटाइएको थियो । उनले भदौ १ देखि ७ गतेसम्म सर्केगार्ड बसेर छवटा नागरिकता बनाए जिल्ला फिर्ता भएपछि थप समस्या उत्पन्न भएको छ । *रासस*

## सानेपामा...

पृष्ठ १ बाट जारी

‘हुन त हामी एक छौं । एक छौं हैन, एक हुनुपर्छ । शेखर दाइ सभापतिमा लड्नुभयो । जबकि मलाई लाग्थ्यो नेतृत्वका लागि म नै उपयुक्त हुँ,’ शशांकले भने । नेपाली कांग्रेस र राष्ट्रका लागि कोइराला परिवार एक ठाउँमा उभिनुपर्ने शशांकको तर्क थियो ।

डा. शेखरको भने आफ्नै गुनासो रह्यो । १४औं महाधिवेशनमा दुई कोइरालाले सहयोग नगर्दा अहिलेको अवस्था सिर्जना भएको बताए । डा. शशांक मौन बस्दा १४औं महाधिवेशनमा सभापति पदमा शेरबहादुर देउवालाई सहज भएको थियो । यसैगरी सुजाताले प्रकाशमान सिंह प्यानलबाट उपसभापति पदमा उम्मेदवारी दिएकी थिइन् । यसै विषयमा फ्लोरबाट प्रश्न आयो, ‘१४औं महाधिवेशनमा तीनतिर फर्कनुभयो । अब एक भएर कांग्रेस हाँक्छ कि हाँक्दैन ?’

सुरुमै शशांकले भने, ‘मैलेमात्र सँगै छौं भनेर भएन । एउटा परिवारको सदस्य मिलाउन नसक्नेले पार्टी कसरी मिलाउने (शेखरतिर लक्षित गर्दै) ? मेरो त प्रयास रहन्छ । तपाईं (नेता कार्याकर्तातिर)हरूले दुई जनालाई सोध्नुस् ।’ शशांकको जवाफमा हलमा हाँसो गुञ्जियो ।

सुजाताले एक हुने विषयमा आफ्नो पनि प्रयास रहने बताइन् । ‘तपाईंहरू किन नमिलेको धेरै जनाले भन्नुहुन्छ । तपाईंहरू मिल्नुभएन, पार्टीको यो दुर्दशा भयो भन्ने फोन गरेर धेरैले भन्नुहुन्छ,’ सुजाताले भनिन्, ‘यसपटक कोइराला परिवारको एक जनालाई चान्स दिऔं न त सभापति बनाएर । म सहयोग गर्छु ।’ डा. शेखरले भने यो प्रश्न निकै जटिल भएको तर्क गरे । १४औं महाधिवेशनमा सहयोग नभएको प्रसंग निकाल्दै उनले भने, ‘यो जटिल प्रश्न हो । कांग्रेसमा कोही जित्छ, कोही हार्छन् । १४औं महाधिवेशनमा त तपाईंहरूले सहयोग गर्नुभएन । उहाँहरू गलत रहेछ भन्ने भयो नि १५औं मा आउने हो भने म तयार छु ।’

त्यसपछि अर्को प्रश्न आयो हलबाट- मिलाउन सक्ने बिपीको गुण तपाईंहरूमा देखिएन ।

शशांकले तुरुन्तै आफू मिलाउन सक्ने व्यक्ति भएको र अबको सभापतिमा स्वतः दाबेदार भएको दाबी पेस गरे । ‘म मिलाउन सक्ने व्यक्ति । म क्याटलिस्टका रूपमा छु । दुई धातु मिलाउने क्याटलिस्ट हुन्छ नि । म शेखर दापट्टी पनि लागिनँ, शेरबहादुरपट्टी पनि लागिनँ । एक्लै लडें ।’ बीचमा बसेकी सुजाताले भने अब मिल्नैपर्ने नभए बर्बाद् हुने बताइन् । लगत्तै शेखरले बिगार्ने शशांक र सुजाता भएको आरोप लगाए । ‘बिगारेको तपाईंहरूले हो । समस्या तपाईंहरूले बेहोरिरहेको छ । आज ९० सिट भएको कांग्रेसलाई सरकारमा खोज्नुपरेको छ,’ शेखरले भने ।

### सरकारमा कांग्रेसको ‘पर्फमेन्स’ कमजोर

डा. शेखरले अहिले कांग्रेस नेतृत्वको कारण सरकारमा सहभागी मन्त्रीहरूले कुनै काम देखाउन नसकेको दाबी गरे । ‘हामी चुकेका हौं कि ? जनताले के पाए त ? बेरोजगारी ? शिक्षाको हालत खराब छ । महिनाको रेमिटचान्स गनेर अर्थमन्त्री र सरकार खुसी हुन्छन्,’ उनले भने । मंगलबार भएको शेखर समूहको बैठकले केन्द्रीय समितिमा यही विषयलाई मूल मुद्दा बनाउने निर्णयसमेत गरेको छ । कांग्रेसको केन्द्रीय समिति आज बस्दै छ ।

देशमा विभिन्न घोटाला हुँदा तीन पार्टीका तीन नेता मिले सबै सामसुम हुने तर्क गरे । ‘तीनटा नेता बस्छन्, सबै कुरा ठीकठाक रे । सुनकाण्डदेखि शरणार्थी प्रकरणमा,’ डा. शेखरले भने । उनले अहिले प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसमेत सत्तापक्षजस्तै देखिएको बताए । ‘एमाले पनि अपोजिसनमा छैन,’ शेखरले भने ।

सुजाताले भने कांग्रेसमासमेत अपोजिसन नभएको तर्क गरिन् । ‘गठबन्धनमा मात्र हैन कांग्रेसमा पनि अपोजिसन छैन । दाइ, दाइ, राम्रो-राम्रो भन्ने, अनपपुलर मान्छेले देश चलाएको छ ३० वर्षदेखि,’ सुजाताले शशांकतिर हेर्दै थपिन्, ‘तिमीलाई भनेको हैन ।’ त्यसअघि शशांकले आफूले चार-चार चोटि नवलपुरबाट जितेको उदाहरण दिएका थिए ।


## कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/२५ को निर्णयानुसार र बार्षिक साधारण सभाको मिति २०८०/०५/१५ को निर्णयबाट साविकको नाम ग्लेयर ईन्जिनिएरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ९००८१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **प्राईम ईन्स्टिच्यूट अफ होटेल म्यानेज्मेन्ट एण्ड ईन्जिनिएरिङ्ग प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/२५ को निर्णयानुसार र बार्षिक साधारण सभाको मिति २०८०/०५/१७ को साविकको नाम सार्थक एडभरटाईजिङ्ग प्रा.लि. (प्रा.लि. नं. १९४५०४) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **गरिमा ट्रेनिङ्ग ईन्स्टिच्यूट प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: BURGER CUT RESTAURANT COMPANY

पुर्व स्वीकृति मिति २०७८/११/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०3 | LT No :257930 | चलानी नं. ६०१७४३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 8 | 0 | 130 | ५६,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 2 | 130 | ५६,१२५ | | | | | | | |

कम्पनी: CHOP CHEONG BEE SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०3 | LT No :276537 | चलानी नं. ६०१९२३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 35 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: BIN AJAM TRADING & SERVICES WLL

पुर्व स्वीकृति मिति: २०८०/०६/०१ | LT. No 292691 | चलानी नं. ६०२०७८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 1 | 0 | 2500 | ९१,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 6 | 8 | 1000 | ३६,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Like International (Pvt) Ltd.**
श्रम ईजाजत नं. १५८०/०७९/०८०
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444
Email: nocnepal@nassers.org

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L

पुर्व स्वीकृति मिति: २०८०/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०3 | LT No :288691 | चलानी नं. ६०२०४००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५४,०४५ | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९०,०७० | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३६,०३० | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७५,६६० | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९०,०७० | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५४,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पुर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०3 | LT. No. 277357 | चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Womens Clothes Sales / Sales Girl | 0 | 3 | 135 | ५८,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWIFT INTEGRATED LOGISTICS SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०५/२८ | LT. No. 292458 | चलानी नं. ६०२०७७७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Worker | 18 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

918/067/68

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ABU SHAKER JUICE W.L.L.

पुर्व स्वीकृति मिति : २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०3 | LT. No. 288178 | चलानी नं. ६०२०३५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 1 | 1 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 1 | 1200 | ४३,३९५ | | | | | | | |
| 3 | Juice Maker | 1 | 1 | 1200 | ४३,३९५ | | | | | | | |
| 4 | Packing Worker | 0 | 1 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ADAM INTERNATIONAL TRADING EST

पुर्व स्वीकृति मिति २०८०/०५/०3 | LT. No. : 291198 | चलानी नं.: ६०२०७०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFEER AL NIDA GEN. TRADING. CO.

पुर्व स्वीकृति मिति २०७९/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०3 | LT. No. 270601 | चलानी नं. ६०१८६३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 50 | 0 | 130 | ५३,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter / Waitress (Garson) | 0 | 22 | 130 | ५३,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RISING RECRUITMENT

**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

## सागर खड्काको 'राइपाली भञ्ज्याङ' लोकार्पण

साहित्यकार सागर खड्काको पहिलो औपन्यासिक कृति 'राइपाली भन्ज्याङ' लोकार्पण भएको छ। काठमाडौंको नेपाल प्रज्ञा–प्रतिष्ठानमा बुधबार आयोजित विशेष कार्यक्रममा लेखक बुद्धिसागर, लेखक दुर्गा कार्की र लेखक सागर खड्काले पुस्तक लोकार्पण गरे। साहित्यकार बुद्धिसागरले पुस्तक राइपाली भन्ज्याङ कथा एवम् उपकथाहरू जोडिएर बनेको विशेष उपन्यास बनेको बताए। 'सागरको उमेर हेर्दा उनले प्रेमकथा लेखेका होलान् जस्तो लागेको थियो। तर यो पुस्तकमा उनले गहन विषयवस्तुलाई उजागर गरेका छन्।' कार्यक्रममा नेपाली क्रिकेटका पूर्व कप्तान पारस खड्काले लेखक सागर खड्कालाई बधाई र शुभकामना दिएका थिए।






# योगेन्द्रको 'बाँचेका थियौं' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** संगीतकार योगेन्द्र उपाध्यायको गीत 'बाचेका थियौं' सार्वजनिक गरिएको छ। राधानीमा आयोजित एक कार्यक्रमका बिच सार्वजनिक गरिएको गीतमा उपाध्यायको संगीत, स्वररूपराज आचार्यको स्वर र डा. विनु बाबा अर्यालको शब्द रचना रहेको छ।

नयाँ बानेश्वर स्थीत होटल अर्यालमा आयोजित एक कार्यक्रमका बिच चर्चित संगीतकार तथा राष्ट्रिय लोक साँस्कृतिक संघका उपाध्यक्ष दिपक शर्मा, चर्चित गायक तथा राष्ट्रिय लोक साँस्कृतिक प्रतिष्ठान नेपालका महासचिव नमराज ढुंगाना, कान्तिपुर दैनिकका कपी इडिटर तथा पुस्तक सम्पादक पारस प्रकाश नेपाल, इभेण्ट निर्देशक तथा ब्युटि पेजेण्ट एसोसियसन नेपालका महासचिव निशु कान्त झा र संगीतकार उपाध्यायले संयुक्त रूपमा गीत सार्वजनिक गरेका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै संगीतकार उपाध्यायले सार्वजनिक गीतबारे प्रष्ट पारेका थिए। स्याड भर्सनको यो गीतमा शब्दको भाव अनुसारकै संगीत सृजना गर्ने आफ्नो कोसिस रहेको उनको भनाई छ। उनले सधै आफ्ना अघिल्ला गीतभन्दा केही न केही भिन्न सृजना गर्न रुचाउने आफ्नो स्वभाव रहेको भन्दै सार्वजनिक गीतको मुल्याङ्कन गर्ने जिम्मा अब स्रोताहरू सँग रहेको बताए।

गीत सार्वजनिक कार्यक्रममा बोल्दै राष्ट्रिय लोक साँस्कृतिक संघका उपाध्यक्ष शर्माले उपाध्याय अब्बल दर्जाको संगीतकार रहेको बताए। आफुले उपाध्यायद्वारा संगीतवद्ध गीतहरू सुन्ने गरेको भन्दै उनका सृजना आफैमा उत्कृष्ट हुने गरेको शर्माको भनाई छ। उपाध्यायले संगीतको औपचारिक अध्ययन गरेकोले पनि उनको संगीतमा एउटा गीतमा आवश्यक पर्ने सम्पूर्ण कुराहरू उत्कृष्ट तवरले संयोजन हुने गरेको शर्माले बताए।

यस्तै राष्ट्रिय लोक साँस्कृतिक प्रतिष्ठान नेपालका महासचिव ढुंगानाले 'बाचेका थियौं' स्वर, शब्द र संगीतको उत्कृष्ट संगम भएको बताए। एउटा गीत तयार हुन शब्द, संगीत र स्वर मात्र नभएर संगीत संयोजन र ध्वनी मिश्रण समेत शशक्त रहनु पर्ने बताउँदै सम्पादक नेपालले 'बाचेका थियौं' हरेक तरिकाले अब्बल गीत भएको जनाए।

सार्वजनिक गीतको समिक्षा गर्दै कान्तिपुर दैनिकका कपी इडिटर तथा पुस्तक-सम्पादक नेपालले उपाध्याय शब्दको भाव अनुसारको संगीत सृजना गर्न सफल भएको बताए। साथै उपाध्यायको संगीतमा गाम्भियर्ता र शिष्टता झल्किएको उनको भनाई छ। यस्तै इभेण्ट निर्देशक झाले उपाध्यायका गीतमा मौलिकता भेटिए बताए। नेपाली मौलिकतालाई टपक्कै टिपेर गीतमा प्राण भर्ने उपाध्यायको शैलीले आम जनमानसमा उनका गीतसंगीतलाई लोकप्रिय बनाएको झाको भनाई छ।

कार्यक्रममा बरिष्ठ गीतकार डब्बु क्षेत्री, चलचित्र पत्रकार संघका उपाध्यक्ष कुबेर गिरी, बरिष्ठ गीतकार दयाराम पाण्डेय, चलचित्र निर्देशक माधवराज खरेल, डश म्युजिकका प्रबन्ध निर्देशक तथा चर्चित संगीतकार शंकर थापा स्माइल, संगीतकार सुवास जोशी, गीतकार डा. अर्याललगायतका ब्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

# क्यानडामा पहिलोपटक गुञ्जँदै नेपथ्य

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपथ्यले पहिलोपटक क्यानाडाको संगीतयात्रा गर्ने भएको छ। अक्टोबरको १ तारिख आइतबारको दिन नेपथ्यले आफुलाई क्यालगरी सहरको 'दी प्यालेस थिएटर' मा उभ्याउनेछ। त्यसपछि अक्टोबर ४ तारिख, बुधबार ब्याण्डको प्रस्तुती भ्यानकुभर सहरको 'दी भोग थिएटर' मा हुनेछ। यी दुवै सहर क्यानाडाको पश्चिमी भेगमा पर्छन्। यात्राको अन्तिम शो भने मुलुककै पूर्ववर्ती सहर टोरन्टोका दर्शक माझ हुने नेपथ्यले जनाएको छ। अक्टोबर ८ तारिख, आइतबारका दिन ब्याण्ड टोरन्टोस्थित क्यानाडाकै बिख्यात कार्यक्रम स्थल 'म्यासी हल'मा प्रस्तुत हुनेछ।

सन् २००२ मा नेपालयले व्यवस्थापन सम्हालेपछि नेपथ्यले हालसम्म १६ वटा देशको २८ सहरमा ७८ वटा कार्यक्रम गरिसकेको छ। क्यानाडा नेपथ्यको १७ औं गन्तव्य राष्ट्र हुनेछ। क्यानाडाको कन्सर्टमा गायक अमृत गुरुङलाई ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ र मादलमा शान्ति रायमाझीले साथ दिनेछन्।

क्यानाडाका तीनवटै सहरहरूमा नेपथ्य कन्सर्टका निम्ति स्थानीय समय अनुसार बेलुकीको पाँच बजे प्रवेश खुला गरिनेछ भने ठीक सात बजे कन्सर्ट सुरु हुने आयोजकले जनाएको छ।

# 'परदेशी-२'को गीत सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नारायण रायमाझी निर्देशित चलचित्र 'परदेशी-२'को नयाँ गीत 'हिजो काम' सार्वजनिक गरिएको छ। बडादसैंको अवसर पारेर असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्रको गीतले परदेशीकै कथा बोलेको छ।

सतिश चापागाईंको शब्द, प्रशान्त तामाङको स्वर रहेको गीतमा बिबि अनुरागीको संगीत छ। गीतको श्याम श्वेत रसाइलीले मिक्सिङ गरेका हुन्।

गीतको भिडियोमा चलचित्रका शीर्ष कलाकार प्रकाश सपूत र दिलीप रायमाझीसँगै रमा थपलिया लगायतलाई प्रस्तुत गरिएको छ।

नारायण इन्टरनेसनलको प्रस्तुतिमा राजेश बंशल र नारायण रायमाझीको संयुक्त निर्माण रहेको 'परदेशी-२'मा प्रकाश र दिलीपसँगै प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा शिवाकोटी, नीर शाह, रमा थपलिया, सबिन बास्तोता, देवेन्द्र बब्लु लगायतको अभिनय छ। चलचित्रले उच्च शिक्षाका लागि बिदेसिने विद्यार्थीहरूको कथा पेस गर्छ। अध्ययनसँगै अन्य परिवेशमा परदेश पुगेकाहरूको कथा-व्यथालाई समेत चलचित्रमा समेटिएको छ।

मानकृष्ण महर्जनको छायाङ्कन, अष्ट महर्जनको द्वन्द्व, रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी रहेको चलचित्रलाई दीर्घ खड्काले सम्पादन गरेका हुन्।



## आइसिसी टी-२० विश्वकप छनोट

# नेपालको सबै खेल त्रिवि मैदानमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी टी-ट्वान्टी विश्वकप एसिया क्षेत्र छनोटमा नेपालको समूह चरणका सबै खेल त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान हुने भएको छ।

प्रतियोगिता कार्तिक १३ देखी २० गतेसम्म मुलपानी र टियु क्रिकेट मैदानमा हुँदैछ। नेपालले पहिलो खेल कार्तिक १३ गते सिंगापुरसँग रहेको छ। दोस्रो खेल कार्तिक १४ मा मलेसियासँग खेल्ने नेपालको तेस्रो खेल कार्तिक १६ मा ओमानसँग रहेको छ।

दुई समूहका शीर्ष दुईमा रहने टोलीले कार्तिक १७ मा सेमिफाइनल खेल्नेछन्। सेमिफाइनलका विजेता टोलीले विश्वकपमा स्थान बनाउने छ।

दुई सेमिफाइनल विजेताबीच कार्तिक १९ मा टियु क्रिकेट मैदानमा फाइनल खेल हुनेछ। प्रतियोगितामा ८ टोलीको सहभागीता रहने छ। सहभागी ८ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ।

समूह 'ए' मा नेपाल, सिंगापुर, ओमान र मलेसिया छन्। समूह 'बी' मा युएई, बहराइन, हङकङ र एसिया क्वालिफायर 'ए' बाट आउने एक टोली रहने छ।

एसिया क्वालिफायर 'ए' मा कुवेत, माल्दिभ्स, कतार र साउदी अरेबिया छन्।

### नेपाल र युएई फरक समूहमा

आइसिसी टी-ट्वान्टी विश्वकप २०२४ को एसिया क्षेत्र छनोटमा नेपाल र युएई फरक समूहमा परेका छन्। घरेलु टोली नेपाल समूह 'ए' मा रहँदा युएई भने समूह 'बी' मा रहेको छ।

समूह 'ए' मा नेपालसँगै सिंगापुर, ओमान र मलेसिया छन्। समूह 'बी' मा युएई सहित बहराइन, हङकङ र एसिया क्वालिफायर 'ए' बाट आउने राष्ट्र रहेको छ।

# वीरजंग स्मृति राष्ट्रिय भलिबल हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** वीरजंग स्मृति खुल्ला पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना हुने भएको छ। नेपाल गणतान्त्रिक खेलकुद महासंघले बुधबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताबारे जानकारी गराएको हो।

प्रतियोगिता आगामी असोज १८ देखि २१ गतेसम्म काठमाडौंको नयाँबसपार्कस्थित ढोरपाटन स्पोर्ट्स ट्रेनिंग सेन्टरमा हुनेछ।

वीरजंग नेपाल कम्युनिष्ट पार्टीका पोलिटव्युरो सदस्य थिए। उनकै सम्झनामा नेपाल गणतान्त्रिक खेलकुद महासंघले प्रतियोगिता आयोजना गर्न लागेको हो। 'आजीवन क्रान्तिका लागि तत्पर रहनुहुने एक क्रान्तिकारी योद्धा वीरजंगको स्मृतिमा प्रतियोगिता आयोजना गर्न गइरहेका छौं।' महासंघका महासचिव विनोद चन्दले भने।

नयाँ प्रतिभाको खोजी एवं विकासमा जोड दिने उद्देश्यले भलिबल प्रतियोगिता आयोजना गरिएको उनको भनाई छ। प्रतियोगिताको अनुमानित लागत २५ लाख रूपैयाँ रहेको बताइएको छ।

महासंघका अध्यक्ष जयनन्द चन्दले खेलाडीको व्यक्तिगत जीवनमा पनि सहयोग पुगोस् भन्ने उद्देश्यले पुरस्कार बढाएर राखेको बताए। प्रतियोगिताको प्रथम पुरस्कार पाँच लाख, द्धितीय पुरस्कार दुई लाख ५० हजार, तृतीय पुरस्कार एक लाख र सान्त्वना पुरस्कार ५० हजार रहेको महासंघले जनाएको छ।

साथै, उत्कृष्ट खेलाडीलाई २० हजार, उत्कृष्ट स्पाईकर, बलर, सेटर, सर्भर, डिफेन्डर र क्वीकरलाई जनही पाँच/पाँच हजार पुरस्कारको व्यवस्था रहेको महासंघले जनाएको छ। प्रतियोगिताको जम्मा पुरस्कार राशि ९ लाख ५० हजार रूपैयाँ रहेको छ।

## साफ यू-१९ च्याम्पियनसिप

# उपाधि जित्ने नेपालको लक्ष्य




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल (आज) बिहीबारदेखि सुरु हुने साफ यु-१९ च्याम्पियनसिपको पाँचौं संस्करणमा घरेलु मैदानको फाइदा लिँदै उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रने तयारी गरेको छ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) कम्प्लेक्समा प्रतियोगिता अगाडि बुधबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेपाली युवा टोलीका प्रशिक्षक सुनिल श्रेष्ठले तयारी राम्रो भएको र घरेलु मैदानको फाइदा उठाउँदै उत्कृष्ट प्रदर्शन दिने बताए। सबै खेलाडी मिहिनेत गरेको र घरेलु मैदानमा हुने च्याम्पियन अवसरको रूपमा समेत लिएको प्रशिक्षक श्रेष्ठको भनाइ छ। खेलको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा ६ मध्ये पाँच टोलीका कप्तान तथा प्रशिक्षक उपस्थित थिए। पाकिस्तान भने नेपाल आइनपुगेका कारण कार्यक्रममा उपस्थित भएन। भारत यो प्रतियोगिताका लागि सन् २०२१ देखि नै तयारी गर्दै आइरहेको छ।

भारतीय टिमले साउदी अरेबिया गएर बन्द प्रशिक्षण गरेको थियो। काठमाडौं आउनुअघि साउदीमा दुई अभ्यास खेल खेलेको र दुवैमा जित प्राप्त भएको भारतीय टोलीले जनाएको छ।

भारतीय यु-१९ टोलीका प्रशिक्षक शुभेन्दु पान्डा पर्याप्त प्रशिक्षण गर्न पाएकाले सुखद् नतिजा आउनेमा आशावादी रहेको बताए। यु-१९ च्याम्पियनसिपको पाँचौ संस्करणसम्म आइपुग्दा नेपाल र भारतले समान दुई पटक उपाधि जितेका छन्। नेपालबाटै सुरु भएको यो उमेर समूहको च्याम्पियनसिप नेपालले तेस्रो पटक आयोजना गर्न लागेको हो। २०१५ मा काठमाडौंमा सम्पन्न पहिलो संस्करणमा विमल घर्तीमगरको कप्तानीमा नेपालले उपाधि जितेको थियो। त्यसको दुई वर्षपछि भुटानको थिम्पुमा नेपालले दोस्रो उपाधि जित्यो। यद्यपि, त्यो यु-१८ साफ च्याम्पियनसिप हो।

अर्पण कार्कीको नेतृत्वमा नेपाल पाँच टोली सहभागी प्रतियोगितामा च्याम्पियन भएको थियो। सिंगल राउण्ड रोबिन पद्धतिमा अंकतालिकाको शीर्ष स्थानमा रहँदै लगातार दोस्रोपटक च्याम्पियन बनेको हो। तेस्रो संस्करण २०१९ मा नेपालले नै आयोजना गरेको थियो। तर, यु-१८ साफ च्याम्पियनसिपमा नेपालले समूहचरण पनि पार गर्न सकेन। पछिल्लो संस्करण २०२२ मा यु-२० साफ च्याम्पियनसिप भारतले आयोजना गर्‍यो। तर, आयुष घलानको कप्तानी रहेको नेपालले यस उमेर समूहमा पनि राम्रो नतिजा ल्याउन सकेन।

सिंगल राउण्ड रोबिन पद्धतिका आधारमा भएको उक्त च्याम्पियनसिपमा नेपाल तेस्रो स्थानमा खुम्चियो। यस पटक भने नेपाल यु-१९ उमेरसमूहको च्याम्पियनसिपमा घरेलु मैदानको फाइदा उठाउँदै सुखद नतिजा ल्याउने लक्ष्यमा छ। माल्दिभ्सका मुख्य प्रशिक्षक ऐहमद शाकिरले पनि ९० प्रतिशत घरेलु लिग खेलेका खेलाडी रहेको र पछिल्लो २८ दिनको प्रशिक्षणबाट सक्दो राम्रो नतिजा ल्याउने विश्वास व्यक्त गरे।

प्रतियोगितामा बंगलादेशलाई पनि दाबेदार टोलीका रूपमा हेरिएको छ। बंगलादेशका प्रशिक्षक रसिद अहमदले तयारीका लागि कम समय पाएपनि यसपटक फाइनल पुग्ने लक्ष्य रहेको बताए। च्याम्पियनसिपमा सहभागी ६ टोलीमध्ये पाँच राष्ट्रका कप्तानहरूले प्रतियोगिताका लागि उत्साहित रहेको र अहिले पहिलो खेलमा केन्द्रित रहने बताए। नेपालले बिहीबार साँझ साढे ५ बजे दशरथ रंगशालामा पाकिस्तानसँग प्रतिष्पर्धा गर्दै प्रतियोगिताको सुरुवात गर्नेछ। त्यसअघि उद्घाटन खेलमा दिउँसो भारत र बंगलादेशबीच प्रतिष्पर्धा हुनेछ। नेपाल यस च्याम्पियनसिपमा समूह 'ए' मा छ। यो समूहमा पाकिस्तान र माल्दिभ्स छन्। अर्को समूह 'बी' मा विजेता भारत, साबिक उपविजेता बंगलादेश र भुटान छन्। दुवै समूहबाट शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन्।



पूर्वी चीनको झेजियाङ प्रान्तको राजधानी हाङ्झाउमा १९औं एसियाली खेलकुदको टर्च रिलेमा टर्च बोक्नेहरूका लागि हौसला प्रदान गर्दै स्थानीय । *तस्बिर: सिन्हवा*

# ‘पृथकतावादीहरूले हतियार बिसाउनै पर्छ’

**बाकु–** अर्मेनियाली पृथकतावादीहरूले आफ्ना हतियार नबिसाएसम्म अजरबैजानले सैनिक कारबाही नरोक्ने दृढता व्यक्त गरेको छ । राष्ट्रपति इल्हाम अलीयेभले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग भएको टेलिफोन वार्तामा अर्मेनियाली पृथकतावादीहरूले आफ्ना हतियार बिसाएमा नागोर्नो-काराबाखमा थालिएको सैन्य कारबाही समाप्त हुने बताएका राष्ट्रपतिको कार्यालयले बुधबार विज्ञप्ति निकालेर बताएको हो । राष्ट्रपति अलिएभले विदेशमन्त्री ब्लिन्केनलाई यदि काराबाख सेनाले हतियार बिसाएमा आतंकवादविरुद्धको कारबाही रोकिने बताएका विज्ञप्तिमा उल्लेख छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले बुधबार नागोर्नो-काराबाखमा जारी हिंसा तत्काल अन्त्य गर्न आह्वान गरेका छन् । अजरवैजानले पृथकतावादी काराबाख सेनाविरुद्ध सैन्य कारबाही सुरु गरेको सन्दर्भमा महासचिवको यस्तो आह्वान आएको हो ।

महासचिव गुटेर्रेसका प्रवक्ता स्टेफेन डुजारिकले नागोर्नो-काराबाख लडाइँ अविलम्ब अन्त्य हुनुपर्नेमा महासचिवले जोड दिएका तथा उनले काराबाख क्षेत्रमा तनाव कम गर्न तथा २०२० को युद्धविराम एवं अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्तहरूलाई पूर्णरूपमा पालना गर्न आह्वान गरेका बताएका छन् । यसैबीच, आर्मेनियाको अतिवादी समूहले नागोर्नो-काराबाख क्षेत्रमा बिछ्याएको बारुदी सुरुङमा परेर मंगलबार जना चार जना प्रहरीसहित सातजना अजरबैजानीको मृत्यु भएको थियो । काराबाख क्षेत्रको खोड्झाभेन्स्की जिल्लामा बिछ्याइएको बारुदी सुरुङमा परी चार जना प्रहरीले ज्यान गुमाएका थिए । *रासस/एएफपी*

# पूर्वप्रधानमन्त्री सरिफले गरे सरकारको आलोचना

**इस्लामावाद–** प्रवासमा रहेका पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफले पाकिस्तान सरकार आलोचना गरेका छन् । स्वदेश फर्कनुअघि लाहोरमा एकत्र भएका पार्टीका नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै पाकिस्तान मुस्लिम लिगका प्रमुख उनले देशको वर्तमान आर्थिक स्थिति नाजुक हुनु सत्तामा रहेका नेताका कारण भएको बताए ।

‘छिमेकी देश भारत चन्द्रमामा पुगिसक्यो र उसले आर्थिक रूपमा सवल देशका नेताहरूको साझा मञ्च जी-ट्वेन्टी शिखर बैठक आयोजना गरिसक्यो हामी भने राज्य सञ्चालनका निम्ति रकम नभएर यो देश र त्यो देशसँग सहायता माग्न हिँडिरहेका छौं । पाकिस्तानका गरिबलाई रोजीर ोटी जुटाउन धौ-धौ परेको छ, हाम्रा प्रधानमन्त्री पैसा माग्दै एउटा देशबाट अर्कोमा गइरहेको छ,’ पाकिस्तानका नेताले देश र जनताका निम्ति केही नगरेकामा रोष प्रकट गर्दै नेता सरिफले भने ।

पाकिस्तानले एक अर्ब डलरका लागि चीन वा खाडी देशहरूसँग हात फैलाउनुपर्ने लज्जाजनक परिस्थिति सामना गर्नुपरेकामा आक्रोशित हुँदै पूर्वप्रधानमन्त्री सरिफले देशलाई अहिलेको आर्थिक स्थितिमा पुऱ्याउने सबै ‘अपराधी’ हुन् भने । ‘सन् १९९० मा आफूले प्रारम्भ गरेको आर्थिक सुधारका नीतिलाई भारतले समेत कार्यान्वयन गरेको बताउँदै ‘अटलविहारी बाजपेयी प्रधानमन्त्री हुँदा भारत सरकारसँग एक अर्ब डलरमात्र थियो तर अहिले भारतसँग छ खर्ब डलर राज्य कोषमा छ, हामी भने एक अर्ब डलर ऋण कसैले दिन्छ भन्दै हिँडिरहेका छौं, हामी भारतलेजस्तै किन प्रगति गर्न सक्दैनौ ?,’ उनले प्रश्न गरे ।

हाल पाकिस्तान जटिल आर्थिक अवस्थाबाट गुज्रिरहेको छ । विदेशी नियोगमा कार्यरत कर्मचारीलाई समयमै तलबभत्ता निकासा गर्न इस्लामावादलाई हम्मेहम्मे परेको छ । पाकिस्तानको इतिहासमा आजसम्म नभएको मुद्रास्फीतिलाई पनि इस्लामावादले झेलिरहेको छ ।

बेलायतमा निर्वासित जीवन बिताइरहेका पूर्वप्रधानमन्त्री सरिफ आगामी कात्तिक ४ गते स्वदेश फर्कने उनका भाइ एवं पूर्वप्रधानमन्त्री शेहवाज सरिफले बताएका छन् । *रासस/एएनआई*

# स्थानीय कर्मचारीको पूर्ण विवरण उपलब्ध गराउन आदेश

**हङकङ–** चीन सरकारले हङकङस्थित सबै वाणिज्य दूतावास/कूटनीतिक नियोगमा कार्यरत स्थानीय कर्मचारीको व्यक्तिगत विवरण उपलब्ध गराउन आदेश दिएको छ । आगामी अक्टोबर १८ सम्ममा सबै स्थानीय कर्मचारीको विवरण उपलब्ध गराउन हङकङस्थित चिनियाँ विदेश मन्त्रालयको आयुक्तको कार्यालयले आदेश दिएको हो ।

आयुक्तको कार्यालयले स्थानीय कर्मचारीको व्यक्तिगत विवरण लिने निर्णय अन्तर्राष्ट्रिय अभ्यासअनुरूप भएको दाबी गरेको छ । अब हङकङमा पनि मुख्य भूमिमा कार्यान्वयन गरिएका नियम लागू हुनेछन् । चिनियाँ पक्षले हङकङमा रहेका विदेशी कन्सुलर कार्यालयहरूको मामिला प्रचलित कानुनअनुसार र व्यावहारिक दृष्टिकोणबाट व्यवस्थापन गर्दै आएको स्पष्ट गरेको छ ।

चिनियाँ अधिकारीलाई बुझाउनुपर्ने सूचनामा कुन पदमा कर्मचारीले काम गरिरहेको हो, निजको आवासीय ठेगाना र परिचयपत्र नम्बरहरू समावेश गर्न निर्देशन दिइएको छ । नयाँ कामदार भर्ती गरेमा निजको विवरण पनि १५ दिनभित्र अनिवार्यरूपमा बुझाउन पत्राचार गरिएको छ । आयुक्तको कार्यालयले नयाँ नियमको उद्देश्यबारे केही खुलाएको छैन । सन् १९९७ मा बेलायतले चिनियाँ भूभाग हङकङ बेइजिङलाई हस्तान्तरण गरेको हो । विशेष स्वायत्तता शासन पद्धति अपनाइएको हङकङमा पछिल्ला दिनमा बेइजिङ विरोधी गतिविधि बढ्न थालेपछि कडा राष्ट्रिय सुरक्षा कानुन लगाएर सहर व्यवस्थापन हुँदै आएको छ । *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QIBLA TOWERS COMPANY FOR DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति:२०८०/०६/०३ LT. No. 292762 चलानी नं. ६०२०७८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REPORTER | 10 | 0 | 140 | ६०४४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com
श्रम ईजाजत नं. ८६१/०६६/०६७



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AWLAD QAMBER FURNITURE CLEANING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०३ LT. No.291047 चलानी नं. ६०२०६२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 9 | 90 | ३९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ०६ गते (23rd Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARK SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०३ LT. No. 283461 चलानी नं. ६०१९८८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard - SIRA | 90 | 23 | 1200 | ४३,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard (ASSD) | 89 | 21 | 2000 | ७१,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Recruitment Group Pvt.Ltd.
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484
Email : Doc@grgnepal.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KONDISI WANGSA SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०३ LT. No: 285388 चलानी नं.: ६०२००८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN HILL OVERSEAS PVT. LTD.
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818863167, 9749419416, 9851014815, 9803828661
Email:greenhilloverseas5@gmail.com
श्रम ईजाजत नं. 1536/078/79



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WESTERN JANA CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति २०८०/०६/०३ LT. No. 292777 चलानी नं.६०२०७८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 10 | 0 | 1800 | ६३,९६० | | | | | | | |
| 3 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ११ गते (28th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com
श्रम ईजाजत नं. 267/058/059



## टर्कीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARSTURK DANISMANLIK ORGANIZASYON VE ANIMASYON HIZ. TUR. TIC. A.S.

पूर्व स्वीकृति मिति २०७९/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०३ LT. No. 278898 चलानी नं. ६०१९४५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 425 | ५६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 70 | 0 | 500 | ६६,६४५ | | | | | | | |
| 3 | Truck Mechanical | 10 | 0 | 500 | ६६,६४५ | | | | | | | |
| 4 | Welder | 10 | 0 | 425 | ५६,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ११ देखि २५ गते (28 Sep-12 Oct. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Asar International Pvt.Ltd.
Govt. License 1373/074/75
Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962, 9801056652
Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२८०० | प्रति तोला - ११२२५० | प्रति तोला - १४०५ |



**लोमान्थाङमा आलु खेती** | मुस्ताङको लोमान्थाङ गाउँपालिका-३ थिङगरका कृषकले सामूहिक रूपमा लगाएको आलु खन्दै। लोमान्थाङ गाउँपालिकाको आर्थिक सहयोगमा ठेकार कृषक समूहले १३० रोपनी बाँझो जग्गामा सामूहिक आलु खेती गरेर आम्दानी लिन थालेका छन्। *तस्बिरः सन्तोष गौतम/रासस*

## नेपालको आर्थिक वृद्धिदर १.९ प्रतिशत रहने प्रक्षेपण

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली विकास बैंक (एडिबी)ले नेपालको आर्थिक वृद्धिदर सन् २०२३ मा एक दशमलव नौ र सन् २०२४ मा चार दशमलव तीन प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ।

एडिबीले 'एसियन डेभलपमेन्ट आउटलुक, सेप्टेम्बर २०२३' प्रतिवेदन सार्वजनिक गर्दै यो वर्षको तुलनामा आगामी वर्ष आर्थिक वृद्धिदरमा केही वृद्धि हुने अनुमान सार्वजनिक गरेको हो।

त्यस्तै, नेपालमा सन् २०२३ मा मुद्रास्फीति सात दशमलव सात प्रतिशत रहने अनुमान एडिबीको छ। सन् २०२४ मा भने त्यो घटेर छ दशमलव दुई प्रतिशत कायम हुने प्रक्षेपण गरिएको छ। नेपालले वस्तु आयात गर्ने सबैभन्दा ठूलो मुलुक भारतमा सन् २०२४ मा मूल्यवृद्धि घट्ने अनुमान गरिएका कारण नेपालमा पनि त्यसको सकारात्मक प्रभाव देखिने अनुमान एडिबीको छ।

अर्थतन्त्र सुधारोन्मुख देखिए पनि चुनौती भने कायमै रहेको जनाइएको छ। आर्थिक वृद्धिदर बढिरहेको र मूल्यवृद्धि सन्तुलनमा रहेको देखिए पनि नेपालमा जोखिम





भने अझै बाँकी रहेको एडिबीका प्रमुख अर्थशास्त्री जान हनसेनले उल्लेख गरे।

'मूल्य र बाह्य क्षेत्रमा केही स्थायित्व देखिए पनि वित्तीय चुनौती कायमै छन्। सन् २०२४ मा नेपालले आफ्नो कूल गार्हस्थ्य उत्पादनको दुई दशमलव चार प्रतिशत बराबर वित्त घाटा व्यहोर्ने अनुमान गरिएको छ। यदि नेपालले लक्ष्यअनुसार राजस्व उठाउन सकेन भने यो अझ बढ् नसक्नेछ', उनले भने।

स्थिर मूल्यवृद्धि र पर्याप्त वैदेशिक मुद्रा सञ्चितिका कारण अहिले मुख्यगरी बाह्य क्षेत्र सन्तुलन र समग्र अर्थतन्त्रमा पनि सुधारका सङ्केत देखिन थालेको छ। नेपाल राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिमार्फत सात प्रतिशतको नीतिगत दरलाई घटाएर साढे छ प्रतिशत बनाएको थियो। यसले ब्याजदर घटाउन सहयोग गर्ने र आर्थिक गतिविधिलाई चलायमान बनाउने देखिएको एडिबीले जनाएको छ।

घरजग्गा, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रमा विस्तार हुनसके अर्थतन्त्र थप सुदृढ हुँदै जाने ठानिएको छ। यस वर्ष समयमा पानी पर्न नसकेका कारण पूर्वी तराईका जिल्लामा धान रोपाइँ ढिलो भएको थियो। यसले कृषि उत्पादन घट्न सक्नेतर्फ एडिबीले सङ्केत गरेको छ। त्यस्तै, पशु चौपायामा देखिएको लम्पी स्किन रोगका कारण पनि अर्थतन्त्रमा केही नकारात्मक प्रभाव देखिने पनि प्रतिवेदनमा उल्लेख छ।

अहिले नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्र जोखिम घट्दै गएको एडिबीको भनाइ छ। आयातमा केही कडाइ गर्ने गरी राष्ट्र बैंकले मौद्रिक नीतिमा केही व्यवस्था गरेपछि विदेशी मुद्रा सञ्चिति बढेर बाह्य क्षेत्र सन्तुलनमा आएको थियो। स्थिर विप्रेषण आप्रवाह र चर्को आयातका बीच सरकारको चालु खाता घाटा सन् २०२४ मा जिडिपीको एक दशमलव आठ प्रतिशत बराबर पुग्ने अनुमान एडिबीको छ।

एशिया प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर सन् २०२३ मा चार दशमलव सात प्रतिशत र सन् २०२४ मा चार दशमलव आठ प्रतिशत रहने अनुमान एडिबीको छ। त्यस्तै यो क्षेत्रको मुद्रास्फीति सन् २०२२ मा चार दशमलव चार प्रतिशत रहेकोमा सन् २०२३ मा तीन दशमलव छ प्रतिशत र सन् २०२४ मा तीन दशमलव पाँच प्रतिशत अनुमान गरिएको छ।

आन्तरिक माग बढ्दै गएको, पर्यटन क्षेत्र लयमा फर्किन थालेकोलगायतका कारण एसिया र प्रशान्त क्षेत्रमा अर्थतन्त्रको अवस्था सुधारोन्मुख रहेको एडिबीले जनाएको छ। यद्यपि उच्च ब्याजदर र खाद्य सुरक्षाको चुनौती भने कायमै रहेको प्रतिवेदनमा उल्लेख छ।

## अरुण तेस्रो परियोजनाको काम ठप्प

■ प्रभाव संवाददाता

**संखुवासभा–** संखुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् परियोजनाको विद्युत्गृहको काम ठप्प छ। रुण तेस्रो प्रवेशमार्गको छ्याङकुटी-दिदिङ पुखुवा सडकखण्डको मुआब्जा माग गर्दै स्थानीयले झण्डै तीन सातादेखि काम ठप्प पारेका हुन्।

स्थानीयको अवरोधका कारण अरुण तेस्रोको विद्युत्गृहस्थल र प्रवेशमार्गको काम ठप्प छ। अरुण प्रवेशमार्ग सङ्घर्ष समितिका संयोजक जनीकुमार राईले सरकारले माग सुनुवाइ नगरेपछि आन्दोलनमा उत्रिनुपरेको बताए। स्थानीयले प्रवेशमार्गको छ्याङकुटी-दिदिङ पुखुवा सडकखण्डको २४ किलोमिटर क्षेत्रको मुआब्जा माग गर्दै आएका छन्।

छ्याङकुटीबाट पुखुवासम्म चार सय ५४ रोपनी जग्गाको मुआब्जा प्राप्त गर्न बाँकी छ। मुआब्जा रकम जिल्ला प्रसासन कार्यालयको खातामा नआएसम्म आन्दोलन जारी रहने पीडितको भनाइ छ। उनीहरू मुआब्जा माग गर्दै विगत सात वर्षदेखि आन्दोलित छन्। अरुण तेस्रो निर्माण गरिरहेको भारतीय सतलज जलविद्युत् निगमसँगको आयोजना विकास सम्झौता (पिडिए)मा स्थानीयको अवरोधका कारण काम रोकिए दैनिक रु आठ करोड नेपाल सरकारले क्षतिपूर्ति ब्यहोर्नुपर्ने शर्त उल्लेख छ।

जिल्ला प्रशासन कार्यालयमा गठित छुट मुआब्जा निर्धारण समितिले गत वैशाख २६ गते छ्याङकुटी-दिदिङ सडकखण्डको प्रतिरोपनी रु ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो। तर हालसम्म प्रभावितले मुआब्जा पाएका छैनन्। आयोजनाबाट नेपालले २१ दशमलव नौ प्रतिशत अर्थात् एक सय ९७ मेगावाट बिजुली निःशुल्क पाउने बताइएको छ। आयोजना बनाउन रु एक खर्ब १५ अर्ब लाग्ने अनुमान गरिएको छ। अरुण तेस्रो विद्युत् आयोजनामा नेपाली र भारतीयसहित तीन हजार बढी मजदुर कार्यरत छन्।

## नेपाली हस्तकलाका वस्तु ८० देशमा निकासी

**पाटन (प्रस)–** वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनीले हस्तकला निर्यात व्यापारको नेतृत्वदायी क्षेत्र हुन सक्ने बताएका छन्। नेपाल हस्तकला महासङ्घद्वारा ललितपुरमा आयोजित 'हस्तकला वस्तुको निकासी व्यापारमा विद्यमान समस्या र समाधान' छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उनले विदेशमा नेपाली हस्तकलाको माग र पहिचान राम्रो छ भने।

'हस्तकलामा नेपालको पहिचान, परम्परा र संस्कृति छ। हामीले हाम्रो पहिचान, परम्परा र संस्कृतिको निर्यात गरिरहेका छौँ। नेपाललाई अन्तराष्ट्रिय रूपमा चिनाउने माध्यम हो। हस्तकला निर्यात व्यापारको नेतृत्वदायी क्षेत्र हुन सक्छ। यसमा परिवार, कृषक र महिलासँग जोडिएको छ। गाउँ, समुदायमा नै गर्न सम्भव भएकाले यो क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण अंगका रूपमा रहेको छ', सचिव मरासिनीले भने।

उनले हस्तकला क्षेत्रमा नेपाली कालिगढको अभाव हुनुको कारण खोज्नु आवश्यक रहेको जनाउँदै यसलाई महासङ्घले ध्यान दिएर प्रवर्द्धन गर्नुपर्ने धारणा राखे। व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले साना उद्यमी र लघु उद्यमीहरूलाई निर्यात गर्न सक्ने गरी उत्पादन गर्न र रोजगारी सृजना गर्नका लागि माथि उकास्न आवश्यक पर्ने सहुलियत र सुविधा दिनुपर्ने बताए।

नेपाल बैंक लिमिटेड कर्जा विभागका वरिष्ठ प्रबन्धक कृष्णबहादुर कार्कीले निकासीसँग सम्बन्धित व्यवसायलाई नेपाल बैंकले प्राथमिकताका साथ लगानी गर्दै आइरहेको बताए। उनले व्यवसायीहरूको व्यापारिक सोचलाई उद्योगमा लैजानका लागि स्टार्ट अप बिजनेसदेखि नै सहयोग गर्ने बताए।

## निउरो बेचेर खर्च जुटाउँदै चोलन्तीबासी

**भोजपुर–** सडकको पहुँच विस्तार भएसँगै भोजपुर चोलन्ती, मझौलेको निउरो सहर बजारका भान्सामा पुग्न थालेको छ। भौगोलिक रूपमा दुर्गम मानिने यी स्थानको खोलाखोल्सी तथा वन पाखामा फल्ने निउरो देशका ठूला सहरमा पुग्न थालेको हो।

टेम्केमैयुङ- ५ चोलन्ती, मझौलेका स्थानीयवासीले वन जंगलबाट सङ्कलन गरेको निउरो धरान, इटहरी, विराटनगर, झापा, काठमाडौं लगायतका सहरमा जाने गरेको छ। सङ्कलित निउरो घरबाटै बिक्री गर्दै आएको स्थानीयवासी डम्बर विष्टले बताए। विगतमा त्यतिकै वन, पाखा खोलाखोल्सीमा खेर गइरहेको निउरोले अहिले गाउँघरमा नै राम्रो मूल्य पाउने गरेको उनको भनाइ छ।

'सडकको पहुँच विस्तारपछि यहाँका वन पाखामा पाइने निउरोले मूल्य पाएको छ', स्थानीयवासी विष्टले भने, 'हामीले सङ्कलन गरेको निउरो आफ्नै घरबाट बिक्री भइरहेको छ। गाउँमा खेर गइरहेको निउरो अहिले सहरका भान्सामा पुग्ने गरेको छ। निउरो बिक्रीबाट घरखर्च चलाउन सहज छ।' सङ्कलन गरेको निउरो ठेकेदारहरूले घरमा नै आएर किन्ने गरेको स्थानीयवासी मीना बस्नेतले बताइन्। सङ्कलन गरिएको निउरो प्रतिकेजी २५ देखि ३५ मा ठेकेदारले लैजाने उनको भनाइ छ।

पात भएको भन्दा डाँठ मात्र भएको निहुँरोले राम्रो मूल्य पाउने बस्नेतले बताइन्। निउरो बिक्रीबाट परिवारको घरखर्च धान्न सहज भएको उनले जानकारी दिइन्। सुरु सुरुमा प्रतिकेजी ४० देखि ४५ सम्ममा बिक्री गरेको उनको भनाइ छ। 'हाम्रो जस्तो दुर्गम ठाउँको निउरो बिक्री होला भन्ने मलाई लागेको थिएन', उनले भनिन्, 'अहिले यही निउरो किन्न घरमा नै मान्छे आउँछन्। गाउँभरिका सबैजना वन जंगलमा गएर सङ्कलन गरेर ल्याएर बिक्री गर्दै आएका छौं। निउरो बिक्रीबाट राम्रै आम्दानी हुन्छ।'

चोलन्ती, मझौलेमा सङ्कलन भएको निगुरो स्थानीय बजारमा भन्दा पनि जिल्ला बाहिरका सहरमा जाने गरेको स्थानीयवासी एकराज विष्टले बताए। एक जनाले एक दिनमा एकदेखि दुई डोकोसम्म निहुँरो सङ्कलन गर्ने उनको भनाइ छ। 'खोलाखोल्सीको निउरो सहर बजारमा पुग्न थालेको छ', उनले भने, 'निउरो हुर्किएपछि गाईबस्तुलाई सोतरको रूपमा प्रयोग गर्दै आएका थियौं। अहिले त्यही निउरोले मूल्य पाएको अवस्था छ। हामीले जति धेरै सङ्कलन गरेपनि बिक्रीको लागि कुनै समस्या छैन।'

स्थानीय बासिन्दाले वर्षातयाम सुरु भएपछि अर्थात जेठ असारबाट कात्तिक महिनासम्म निउरो बेच्दै आएका छन्। वनजंगलमा सजिलै पाइने, निउरो अर्गानिक हुने भएकाले सहरका मानिसको रोजाइँमापर्ने गरेको छ। तराईमा पाइने निउरोभन्दा पहाडी क्षेत्रबाट जाने डौंठे निउरोको बजारमा राम्रो माग रहेको स्थानीय निउरो व्यापारी लालबहादुर विष्टले बताए। यो वर्षबाट चोलन्ती, मझौले गाउँबाट मात्र आठ मेट्रिक टन निउरो बाहिरका बजारमा लगेको उनले जानकारी दिए।

गत वर्षको भन्दा यो वर्ष उत्पादनमा केही कमि आएको उनको भनाइ छ। गतवर्ष यहाँबाट दश मेट्रिक टन बढी निउरो बाहिर लगेको व्यापारी विष्टले बताए।

'पहाडको निउरोको सहरका बजारमा राम्रो माग छ', उनले भने, 'गाउँबाट हिँडेको पाँचदेखि छ घण्टामा यसलाई धरान, इटहरी पुऱ्याउछौं। बजारमा पुऱ्याएपछि बिक्रीको लागि कुनै समस्या छैन। खास गरेर पहाडको डौठे निउरो अचारको लागि बढी माग हुन्छ। मैले मात्र यो वर्ष आठ मेट्रिक टन निगुरो बाहिर लगें।' जैविक र मौसमी तरकारी निउरो पौष्टिकताले भरिपूर्ण हुने भएकाले स्वास्थ्यका लागि फाइदाजनक रहेको पोषणविद्हरूको भनाइ छ।

निउरोमा प्रोटिन, क्याल्सियम, भिटामिन 'ए' लगायतका पोषकतत्व पाइने भएकाले बालबालिका तथा गर्भवती महिलालाई धेरै लाभदायक हुने उनीहरूको भनाइ छ। स्थानीयस्तरमा पाइने निउरो बाहिरका बजारसम्म निर्यात हुने गरेकाले यसको उत्पादन र बजारीकरणको लागि गाउँपालिकाले आवश्यक पहल गर्ने गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताइन्। गाउँपालिकाले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर योजनाबद्ध रूपमा काम गर्दै आएको उपाध्यक्ष राईको भनाइ छ।

'स्थानीय सरकार सञ्चालनमा आएपछि जनतालाई केही सहज भएको अवस्था छ,' उपाध्यक्ष राईले भनिन्, 'गाउँ/गाउँमा कच्ची नै भए पनि कृषि सडक बनेकाले दुर्गम ठाउँका कृषि उपजले बजार पाएको अवस्था छ। अहिले किसानले घरबाट नै बिक्री गर्न सक्ने अवस्था छ। स्थानीयस्तरमा पाईने वस्तुको उत्पादनसँगै बजारीकरणमा गाउँपालिकाले पनि आवश्यक पहल गर्छ।' *रासस*

**ललितपुर उद्योग वाणिज्य संघ निर्वाचन**

## बज्राचार्य समूहको उम्मेदवारी घोषणा



■ प्रभाव संवाददाता

**ललितपुर–** आसन्न ललितपुर उद्योग वाणिज्य संघको साधारणसभा तथा चुनावका लागि विश्वराज बज्राचार्य समूहले १५ बुँदे प्रतिवद्धता सहित उम्मेद्वारीसँगै टिम घोषणा गरेको छ। ललितपुरको पुल्चोकमा एक चुनावी कार्यक्रम गर्दै बज्राचार्य समूहले आफ्नो उम्मेद्वारीसँगै टिम घोषणा गरेको हो।

ललितपुरमा मूख्यगरी तीन प्यानलबीच चुनावी भिडन्त हुने देखिएको छ। यद्यपी, आज दर्ता हुने उम्मेद्वारीबाट चुनावी प्रतिस्पर्धी टुंगो लाग्नेछ। बज्राचार्य समूहबाट संघको अध्यक्ष उम्मेद्वारमा विश्वाज बज्राचार्य छन्। यस्तै, वरिष्ठ उपाध्यक्षमा विरेन्द्रलाल श्रेष्ठ, संस्थागत उपाध्यक्षमा मुकुन्द महर्जन, उद्योग उपाध्यक्षमा आपुलाल अवाले र वाणिज्य उपाध्यक्षमा रमेशभक्त गुल्मी छन भने महासचिवमा भूमिनन्दन कमार्चाय र कोषाध्यक्षमा मिलन शाक्य छन्।

'जिल्लामा रहेका सबै उद्योगी व्यवसायीलाई समेटेर प्यानलसहित चुनावमा होमिएका छौं,' उम्मेद्वारी घोषणा कार्यक्रममा बोल्दै बज्रचार्यले भने, 'जितेपछि सबै उद्योगी व्यवसायीलाई समेटेर ललितपुरको बलियो र मजबुत व्यवसायीक छाता संगठनकारूपमा ललितपुर उद्योग वाणिज्य संघलाई अघि बढाउँछु।'

यस्तै, साना-ठूला उद्योगी व्यवसायीको छाता संगठनकारूपमा अघि बढाउँदै केन्द्र, प्रदेश र स्थानीय सरकार तथा उद्योग वाणिज्य महासंघसम्म ललितपुरको बलियो प्रतिनिधित्व गराउने बज्राचार्यले बताए। बज्राचार्य समूहले संघको चुनाव जितेपछि गर्ने १५ कामहरूको सूची समेत तयार पारेको छ। जसमा स्थानीय उत्पादनको ब्राण्डिङ, ललिपुरमा मेला आयोजना, उत्पादन, संस्थागत सुशासन लगायतका एजेन्डा छन्। कूल २२ सदस्यीय कार्यसमिति रहने संघमा १९ सय जना मतदाता छन्।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ